



नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

बिहीबार पुस १३, २०७४ | Thursday, December 28, 2017 | www.newsofnepal.com | नेसं ११३८ पोहेलाथ्व १० | वर्ष २३, अंक ३४३ | पृष्ठ १२ | मूल्य रू. १०/–


# तीन राप्रपालाई एकीकरणको दबाब

रामकृष्ण चापागाईं, काठमाडौं

कमल थापाले नेतृत्व गर्नुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी, पशुपति शमशेर राणाले नेतृत्व गर्नुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) र डा. प्रकाशचन्द्र लोहनीले नेतृत्व गर्नुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी)लाई पुन: एकीकृत गरी नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्न गर्न तीनै पार्टीको दोस्रो तहका नेताहरूले दबाब दिन शुरू गरेका छन्।

तीनवटै पार्टीका शीर्ष नेतृत्वले पार्टी एकीकरण गर्ने र नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न आलटाल गरेमा तीनवटै पार्टीका असन्तुष्ट नेता तथा कार्यकर्ताले चौथो पार्टी गठन गर्नेदेखि अन्य पार्टीमा प्रवेश गर्नेसम्मको तयारीसमेत गरेका छन्। पार्टी एकीकरण गरी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरेपछि पुराना नेताहरू सबै सल्लाहकारको भूमिकामा बस्नुपर्ने उनीहरूको माग छ।

पार्टी एकीकरण गर्न दबाब दिँदै दोस्रो पुस्ताका नेताहरूले तत्काल तीनवटै पार्टीको संयुक्त केन्द्रीय समिति तथा पदाधिकारीको संयुक्त बैठक राख्नुपर्ने र तीनवटै पार्टीको केन्द्रीय समिति, पदाधिकारी तथा जिल्ला सभापतिहरूको राष्ट्रिय भेला नबोलाए असन्तुष्ट पक्षले सातै प्रदेशमा प्रादेशिक भेलाको आयोजना गरी चौथो पार्टी खोल्ने अथवा अन्य पार्टीमा प्रवेश गर्ने भन्ने बारेमा निर्णय गर्ने बताएका छन्।

यसअघि संसद्मा चौथो ठूलो दलका रूपमा रहेको राप्रपाले अहिलेको निर्वाचनबाट दलको हैसियतसमेत गुमाउन पुगेको छ। थापा नेतृत्वको राप्रपा र राणा नेतृत्वको राप्रपाले २०७३ साल फागुनमा एकता महाधिवेशन गरी एकीकृत भएका थिए। त्यतिबेला लोहनी राणा नेतृत्वको राप्रपामा थिए।

महाधिवेशनले अध्यक्षमा थापालाई निर्वाचित गरेको थियो। महाधिवेशनपछि महाधिवेशनबाट स्वीकृत विधानअनुसार र एकीकरण हुनुपूर्व शीर्ष नेताबीच भएको मौखिक सहमतिलाई उल्लंघन गरी अध्यक्ष थापाले पार्टी एकलौटी ढंगले सञ्चालन गरेको भन्दै डा. लोहनीले अध्यक्ष थापालाई ११ बुँदे पत्र लेखेर पार्टी परित्याग गरेका थिए। लोहनीले त्यसपछि अन्य नेताहरूसँग मिलेर नयाँ पार्टी राप्रपा (राष्ट्रवादी) गठन गर्नुभएको थियो।

**पुस मसान्तभित्र पार्टी एकीकरण गरी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने प्रक्रिया अघि नबढाए असन्तुष्ट पक्षले पुस मसान्तपछि अर्को पार्टी खोल्ने अथवा अन्य दलमा प्रवेश गर्ने भन्ने बारेमा निर्णय गर्ने। अन्य दलमा प्रवेश गर्दा कांग्रेस, एमाले, माओवादी र विवेकशील साझा पार्टी मध्यबाट रोजिने।**

गत फागुनमा भएको एकता महाधिवेशन पूर्वराप्रपाका शीर्ष नेताबीच पार्टीको अध्यक्ष थापा बन्ने र डा. लोहनीको नेतृत्वमा वरिष्ठ नेताहरूको ११ सदस्यीय नीति निर्धारण तथा निर्देशन समिति बनाउने भन्ने सहमति भएको थियो। यो निर्देशन समितिले पार्टी नीति बनाउने र पार्टीलाई समेत निर्देशन दिने उल्लेख थियो। यो समिति एकता महाधिवेशन सम्पन्न भएको एक महिनाभित्र बनाइसक्नुपर्ने भए पनि अध्यक्ष थापाले निर्देशन समिति गठन गर्न आलटाल गरेपछि डा. लोहनी बाहिरिएका थिए।

एकता महाधिवेशनमा अध्यक्षका लागि उम्मेदवारी दिने तयारीमा रहेका लोहनीलाई निर्देशन समितिको अध्यक्ष बनाउने भनेकाले उहाँले महाधिवेशनमा पार्टी अध्यक्षका लागि उम्मेदवारी दिनुभएको थिएन।

राप्रपाबाट लोहनी बाहिरिएपछि निर्देशन समितिको अध्यक्ष राणालाई बनाउनुपर्ने माग उठेको थियो। यही बीचमा अध्यक्ष थापाले पार्टीको सबै मनोनयन तथा नियुक्ति प्रक्रियामा पार्टीमा तथा शीर्ष नेताहरूबीच छलफल नै नगरी एकलौटी ढंगले अघि बढेको भन्दै राणासमेत असन्तुष्ट बन्नुभएको थियो। अध्यक्ष थापाले पार्टीलाई थाहा नै नदिई पार्टीभित्र कुनै छलफल नै नगरी उपप्रधान तथा स्थानीय विकास मन्त्री भएपछि राप्रपाभित्रको विवाद अझ चुलिँदै गएको थियो। अध्यक्ष थापाले स्थानीय निर्वाचन सम्पन्न गर्न सहयोग गर्नका लागि सरकारमा सहभागी भएको भने पनि सरकारमा सहभागी हुन पार्टीको माइन्युट नभएको नेताहरूले बताउँदै आएका थिए।

प्रथम चरणको निर्वाचनमा राप्रपाले नराम्ररी हारेपछि पार्टीभित्र अध्यक्ष थापाको राजीनामा अथवा निर्देशन समिति गठन गर्न दबाब बढेको थियो। अध्यक्ष थापालाई असन्तुष्ट पक्षले अध्यक्ष र संसदीय दलको नेताबाट समेत हटाउने रणनीति बनाउन थालेपछि एकलौटी ढंगले ४३ जना केन्द्रीय सदस्य मनोनित गरी सुरक्षित भएका थिए।

यहीबीचमा मधेसको माग सम्बोधन गर्न ल्याइएको संविधान संशोधन प्रस्ताव पारित गर्ने उद्देश्यले संसद्मा ल्याइएको बेला राप्रपाका १४ जना सांसद अनुपस्थित भएपछि राणाले पार्टी विभाजन गरी राष्ट्रिय प्रजातन्त्र पाटी (प्रजातान्त्रिक) गठन गर्नुभएको थियो।

(**क्रमश:** ९ **पृष्ठ** ९ **मा**)

### ओली-प्रचण्ड भेट

# सरकार गठन कसैले रोक्न सक्दैन

नेपाल समाचारपत्र
काठमाडौं

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच पार्टी एकता र नयाँ सरकार गठनको विषयमा गम्भीर परामर्श भएको छ।

ओली र प्रचण्डबीच पार्टी एकता, शक्तिको बाँडफाँड तथा राष्ट्रियसभाको निर्वाचनसम्बन्धी अध्यादेशबारे देखिएको फरक धारणामा एकरूपता ल्याउने विषयमा छलफल भएको बताइएको छ। निर्वाचनलगत्तै पार्टी एकता गर्ने प्रतिबद्धतासहित निर्वाचनमा चुनावी तालमेल गरेका एमाले र माओवादी केन्द्रबीच निर्वाचनको परिणाम आएपछि एकीकरण प्रक्रिया अगाडि बढाउनेभन्दा पनि नयाँ सरकारले प्राथमिकता पाएको छ।

करिब दुई सातासम्म दुई पार्टीका अध्यक्षबीच परामर्श नहुँदा आशंका र अन्योल उत्पन्न भएपछि बुधबार ओली निवास बालकोटमा दुई नेताबीच भेटवार्ता भएको हो। दुई शीर्ष नेताबीचको वार्तामा पार्टी एकता, नयाँ सरकार निर्माण र राष्ट्रियसभा सदस्य निर्वाचनका बारेमा कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल भएको ओलीका प्रेस संयोजक चेतन अधिकारीले जानकारी दिनुभयो।



पार्टी एकताका लागि एमाले र माओवादी केन्द्र तयार भए पनि शक्ति बाँडफाँडमा कुरा मिल्न सकेको छैन। पार्टी एकीकरणपछि सरकारको नेतृत्व एमाले अध्यक्ष ओली र पार्टीको नेतृत्व प्रचण्डले गर्नुपर्ने अडान माओवादी केन्द्रले राखेको छ। तर एमालेले भने सरकार र पार्टीको नेतृत्व एउटै व्यक्तिले गर्नुपर्ने अडान लिँदै आएको छ। जसका कारण दुई दलबीच पार्टी एकीकरणमा अन्योल देखिएको छ।

बैठकमा पार्टी एकता संयोजन समितिको बैठक तत्काल बोलाउने विषयमा दुई नेताबीच सहमति जुटेको छ। सो समितिमा एमालेका अध्यक्षसहित चार र माओवादीका अध्यक्षसहित तीन जना नेता छन्। गत कात्तिक १५ गतेपछि पार्टी एकता संयोजन समितिको अर्को बैठक बस्न सकेको छैन। राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेशमा सहमति जुटाउने बारेमा छलफल भए पनि सहमति जुट्न नसकेको बताइएको छ।

कांग्रेसले एकल संक्रमणीय प्रणालीबाटै राष्ट्रियसभा निर्वाचन हुनुपर्ने अडान राखिरहेका बेला एमालेले बहुमतीय प्रणाली हुनुपर्ने बताउँदै आएको छ। तर माओवादी केन्द्रले भने मध्यमार्गी बाटो अपनाउनुपर्ने धारणा राख्दै आएको छ। ओलीका प्रेस संयोजक अधिकारीले राष्ट्रियसभाको निर्वाचनसम्बन्धी अध्यादेशमा देखिएको समस्या समाधान गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिएका छन्।

(**क्रमश:** ९ **पृष्ठ** ९ **मा**)

# 'बेपत्तालाई मृतक घोषणा'

कुमार श्रेष्ठ, बाँके

बेपत्ता छानबिन आयोगले बेपत्ता व्यक्तिलाई 'मृतक'को सूचीमा राख्दै घरपरिवारमा पत्र पठाएको छ। बेपत्ता पारिएका आफ्ना व्यक्तिको लास कि सासको माग गर्दै आन्दोलन गरिरहेका बेपत्ता परिवारको घरमा एक्कासि आयोगबाट 'मृतक'मा सूचीकृत गरिएको भन्ने पत्र आएपछि उनीहरू आक्रोशित भएका छन्।

**आयोगसँग पीडितको गुनासो, त्यो भए लास चाहियो**

बाँकेमा ६ जना बेपत्ता परिवारको घरमा 'मृतक सूचीकृत गरिएको' पत्र आएको छ। आयोगले त्यस्तो पत्र हुलाकबाट पठाइदिएको छ। २०५६ सालमा काम विशेषले बर्दिया गएका बेलादेखि बेपत्ता पारिएका ढाकाराम पाठकको घरमा मृतक सूचीकृत गरिएको पत्र आएको छ।

(**क्रमश:** ९ **पृष्ठ** ९ **मा**)










# महानगर

2017, DEC
Thursday
28

आव २०७४/०७५ भित्र सम्पन्न गर्ने लक्ष्य लिएर आव २०७१/०७२ को ९ महिनापछि मात्रै खोलामा समितिले काम थालेको हो। लक्ष्य सकिनै लाग्दा पनि यस खोलामा लक्ष्यअनुसारको काम हुनसकेको छैन। हालसम्म जम्मा ५० प्रतिशत काम सम्पन्न भएको समितिले जनाएको छ।



# अझै व्यवस्थापन भएन
# विष्णुमतीको ढल





तस्वीर : उजोल डंगोल

'सडकको दुवैतिर ढल हाल्ने, ढललाई सुरक्षा गर्न पर्खाल लगाउने, घाट बनाउने र पुरातात्त्विक वस्तुको संरक्षण गर्नु हाम्रो काम हो। हामी त्यो निर्धारित समयभित्रै पूरा गर्छौं।'

**प्रभात श्रेष्ठ**
समितिका सूचना अधिकारी

**सुरेश तामाङ, काठमाडौं**

विष्णुमती खोलाको संरक्षण र ढल व्यवस्थापन गर्ने भनेर ३ वर्षदेखि काम गरे पनि खोलामा ढलको अझै व्यवस्थापन हुन सकेको छैन। यस खोला आसपासका बस्तीबाट खोलामा सीधैं ढल मिसाउने कार्य पनि रोकिएको छैन।

खोला र ढलको व्यवस्थापन गर्ने काम आफैं अव्यवस्थित बन्दा नागरिकले अनाहकमा सास्ती खेपिरहेका छन्। खोलाको ढलको गन्ध त छँदै छ। सडक किनारमै थुपारिएको फोहोरको डंगुर, निर्माण सामग्री यत्रतत्र थुपारिँदा, ढल फुटेर सडकमै जतातेतै फैलिएको पानीले गर्दा सर्वसाधरणलाई झन् सास्ती मात्रै होइन जोखिम पनि बढाएको छ।

खोलाको किनारैकिनार टेकु पुलदेखि शोभाभगवती मन्दिर जाने बाटोको अवस्था यस्तै छ। बाटोको अवस्थाको बारेमा बयान गरी साध्य छैन। ३ वर्षदेखि खोला किनारको मोटर बाटोको अवस्था पनि दयनीय छ। यस मोटर बाटोको सुधार त परको कुराजस्तै भइरहेको छ।

स्थानीयले खोलाको काम दिक्कलाग्दो तरिकाले भइरहको बताएका छन्। 'खोलाको काम दिक्कलाग्दो छ। व्यवस्थित तरिका अपनाएका छैनन्। ठेकेदारको मनपरी छ', एक स्थानीयले भने- 'ठेकेदारकै मनपरी र काम गराउने निकायको उचित अनुगमनको अभावका कारण हामीले प्रत्यक्ष सास्ती भोगिरहेका छौं।'

अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिलेले बाग्मती दोभानदेखि महादेवखोला दोभानसम्म ६ किमिको भाग विष्णुमती खोलालाई संरक्षण र ढलमुक्त पार्न काम गरिरहेको जनाएको छ।

६ किमिअन्तर्गत तल्लो र माथिल्लो भाग गरी ३-३ किमिको भागमा समितिले खोलाको संरक्षण र ढल व्यवस्थापनको ठेक्का दिएको थियो। हाल तल्लो भागमा लुम्बिनी, गौरीपार्वती, कोन्ट्रेक जेभी र माथिल्लो भागमा शर्मा, एपेक्स, कान्छाराम जेभीले काम गरिरहेका छन्।

आव २०७४/०७५ भित्र सम्पन्न गर्ने लक्ष्य लिएर आव २०७१/०७२ को ९ महिनापछि मात्रै खोलामा समितिले काम थालेको हो। लक्ष्य सकिनै लाग्दा पनि यस खोलामा लक्ष्यअनुसारको काम हुनसकेको छैन। हालसम्म जम्मा ५० प्रतिशत काम सम्पन्न भएको समितिले जनाएको छ।

बाँकी रहेको ३ महिनामा छुमन्तर जस्तो अर्को ५० प्रतिशत काम सम्पन्न भएर यस खोलाको सम्पूर्ण काम सम्पन्न हुने संकेत पनि देखिँदैन किनकि यस भेगको ४/५ स्थानमा सुकुम्बासी बस्तीले खोला अतिक्रमण गरेर बसिरहेका छन्। बस्तीका कारण काममा अल्झन थप्नुले यो काम सम्पन्न हुन केही वर्ष पछि धकेलिने स्पष्ट देखाउँछ।

खोला किनारको सडकमा कतै हिलाम्मे छ भने कतै धुलाम्मे। कतै ढल फुटेर सडकमै पानी वालछ्याल भएको छ। कालोपत्रे पूरै उप्किसकेको अवस्था छ। खाल्डाखुल्डीको त कुरै छोडौं। यस सडक दूरावस्थालाई हेर्दा महानगरको सडक होइन कि कुनै दुर्गम सडकको याद आउन सक्छ, जो-कोहीलाई पनि।

खोलाको दुईतिर ढल हाल्ने, पर्खाल लगाउने, घाट र पुरातात्त्विक वस्तुको संरक्षण गर्ने समितिको योजना रहेको समितिका सूचना अधिकारी प्रभात श्रेष्ठले बताउनुभयो।

'सडकको दुवैतिर ढल हाल्ने, ढललाई सुरक्षा गर्न पर्खाल लगाउने, घाट बनाउने र पुरातात्त्विक वस्तुको संरक्षण गर्नु हाम्रो काम हो। हामी त्यो निर्धारित समयभित्रै काम पूरा गर्छौं' -समितिका सूचना अधिकारी श्रेष्ठले भन्नुभयो।

उहाँका अनुसार समितिले हालसम्म ८० प्रतिशत पर्खालको काम सम्पन्न गरिसकेको छ। भने ढलको काम भर्खरैजस्तो शुरु भएको छ। ढल हालसम्म ५ सय मिटरमात्रै राखेको छ।

१ अर्ब लागतको अनुमान गरिएको यस खोलाको संरक्षण र ढल व्यवस्थापनका लागि हालसम्म ५७ करोड खर्च गरिसकेको छ।

त्यस्तै समितिका उपआयोजना प्रमुख योगेन्द्र चित्रकारले यस खोलामा निर्धारित समयमै सम्पन्न गर्ने हिसाबमा काम भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीले सोचेको जस्तै काम भइरहेको छ। त्यसैले हामी निर्धारित समयभित्रै काम सम्पन्न गर्छौं।'

काम गर्दै जाँदा नागरिकले दुःख भोग्नुपर्ने बताउँदै उहाँले अब केही महिना स्थानीयले धैर्य गर्नुपर्नमा जोड दिनुभयो।

# पेप्सीकोला-जडीबुटी सडक विस्तार

## ३ वर्ष बित्दा पनि बनेन २० मिटर सडक

काठमाडौं, (नेस)

बीस मिटर सडक बनाउन कति समय लाग्ला ? बढीमा एक महिना वा दुई महिना। तर, राजधानीमा बीस मिटर सडक डेढ वर्ष बितिसक्दासमेत बन्न सकेको छैन। जडीबुटी-पेप्सीकोला सडक विस्तार आयोजनाअन्तर्गत निर्माण भएको सडक खण्डको बीस मिटर सडक निर्माण नगर्न हानाथाप हुँदै आएको छ।

काठमाडौं महानगरपालिका-३२ को वडा कार्यालय अगाडि बीस मिटर सडक पिच नहुँदा त्यहाँबाट निस्कने धुलो पेप्सीकोला र जडीबुटीसम्म फैलिने गरेको छ। कार्यालय समयमा दैनिकरूपमा उक्त स्थानमा सवारी जाम हुने गरेको छ। सरकारले सडक निर्माणअन्तर्गतको कजवे निर्माणमा ध्यान नदिँदा ३ वर्षदेखि बीस मिटर सडक निर्माण नहुँदा यात्रु हैरान हुने गरेका छन्।

जडीबुटीका स्थानीय प्रदीप पुडासैनीले सरकारको लाचारीका कारण दैनिकरूपमा धुलोको मारमा परेको बताउँदै भन्नुभयो- 'सडक बनेको २ वर्ष भयो, सबैतिर पिच भएको छ, बाँकी २० मिटरमा पिच नहुँदा व्यवसाय चौपट भएको छ।'



तस्वीर : मधुसूदन रायमाझी

सडक विस्तारको क्रममा नागरिक उड्डयन प्राधिकरणले अन्तर्राष्ट्रिय विमानस्थलको कल्भर्ट निर्माण गर्ने बताएपछि काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले बीस मिटर सडक पिच गर्न छोडेको थियो। तर, आयोजनाले छोडेपछि उड्डयन प्राधिकरणले अहिलेसम्म काम नै अगाडि बढाएको छैन। कल्भर्ट निर्माण नहुँदा सवारी दुर्घटनासमेत बढेको छ। समयमा नै कल्भर्ट निर्माण नहुँदा एक दर्जनभन्दा बढी सवारीसाधन दुर्घटना भएको स्थानीय पुडासैनीले बताउनुभयो।

काठमाडौं उपत्यका सडक विस्तार आयोजनाका प्रवक्ता विश्व विजयलाल श्रेष्ठले कल्भर्ट निर्माणको काम नागरिक उड्डयन प्राधिकरणको भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'सडक विस्तार आयोजना दोहोर्‍याएर बजेट आउँदैन, हामीले निर्माण गर्ने कुरा हुँदैन, बाँकी कल्भर्ट बनाउने जिम्मेवारी नागरिक उड्डयन प्राधिकरणको हो।'

काठमाडौं महानगरपालिका-३२ का वडा अध्यक्ष सवारीले आवत-जावत गर्न नै कठिन भएपछि आफूहरुले सडक विस्तार आयोजना र नागरिक उड्डयन प्राधिकरणसँग तत्काल कल्भर्ट निर्माणका लागि पहल गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'नागरिक उड्डयन प्राधिकरणले शुरूमा ठेक्का सम्झौता गरेको ठेकेदारले समयमा नै काम नगरेपछि हाल उक्त ठेक्का रद्ध गरेर नयाँ ठेकेदार कम्पनीसँग सम्झौता भएको छ।'

नागरिक उड्डयन प्राधिकरणका प्रोजेक्ट डाइरेक्टर बाबुराम पौडेलल कल्भर्ट निर्माणका लागि ठेक्का सम्झौता भइसकेको बताउनुभयो। उहाँले भन्नुभयो- 'कल्भर्ट निर्माणका लागि शुरुमा नै ठेक्का सम्झौता भएको थियो तर ठेकेदार कम्पनीले समयमा नै काम सम्पन्न नगरेपछि रद्ध गरेर अहिले पुन: नयाँ ठेकेदार कम्पनीसँग सम्झौता भएको छ। उहाँले आउने वर्षाअघि नै कल्भर्ट निर्माणको काम सम्पन्न हुने दाबी गर्नुभयो।

# फेसन शोसँगै डीजे नाइट



ग्यालेक्सी इभेन्ट म्यानेजमेन्टले क्रिसमसको अवसर पारेर डान्स र फेसनलाई एकसाथ फ्युजन गर्दै *क्रिसमस नाइट, फेसन शो विथ डीजे शिवानी ओबराय*को आयोजना गरेको छ।

पुसको चिसोसँगै छिप्पिँदै गएको रातलाई मोडलहरूले क्याटवाक र डीजेले डान्सबाट तताए। राजधानीको दरबारमार्गस्थित अन्पूर्ण होटलमा सम्पन्न *क्रिसमस नाइट, फेसन शो विथ डीजे शिवानी*मा आधा दर्जन सिक्वेन्समा विभिन्न फेसन पहिरन प्रदर्शन गरिएको थियो। बालबालिका र तन्नेरी पुस्ता गरी दुई चरणको फेसन शो भएको थियो। प्रारम्भिक र मध्य गरी दुई सिक्वेन्समा रिविया तण्डुकार, कृष्टिना पौडेल, युनिका पराजुलीसहित १६ बालबालिकाले *सान्ता क्लज फेसन, पार्टी वेर फेसन, किड क्याजुअल फेसन*जस्ता विविध फेसन पहिरन प्रस्तुत गरे। सुजाता राउत र सपना भेटवालले कोरियोग्राफीसहित बालबालिकालाई र्‍याम्पमा उतारेका थिए।

बेटल ग्यालेक्सीसँगै आयोजक पेज थ्री फेसनले विभिन्न चार सिक्वेन्समा आफ्ना सात दर्जन विविध डिजाइनका पहिरन र्‍याम्पमा उतारेको थियो। धिराज तण्डुकारले कोरियोग्राफी गरेको तन्नेरी पुस्ताको *फेसन शो*मा २५ महिला र पुरुष मोडलले क्याटवक गरी र्‍याम्पको फन्को मारे। उनीहरूले लेहेंगा चोली, पार्टी गाउन, वान पिस, सर्ट, स्कर्ट, सर्ट गाउन, क्याजुअल, सेरवानीजस्ता विविध फेसन प्रस्तुत गरेका थिए। त्यसैगरी मोडलहरू ममता बस्नेत, सरिता रामदान, अपेक्षा खड्का, परिश्मा दाहाल, शुभेच्छा केसी, शिल्पा सैजु, रबना तण्डुकार, ध्रुव बुढाथोकी, प्रकाश शाह, राघव अग्रवाललगायतका मोडलले क्याटवाक गरेका थिए।

ओसिन सिटौलाले होस्ट गरेको फेसन शोको व्यवस्थापन मिस्टर एसिया प्यासिफिक इन्टरनेसनल अंकित तिवारीले गरेका थिए। फेसन शोका क्रममा गायक आनन्द कार्कीको गायन, महादेव त्रिपाठीको प्रहसनले दर्शकलाई थप मनोरञ्जन प्रदान गरेको थियो। राति साँढे नौ बजे शुरु भएको फेसन शो मध्यरातसम्म चलेको थियो।

सोही कार्यक्रममा फेसन शोपछि भारतकी चर्चित डीजे शिवानी ओबरायले राति १ बजेबाट ४ बजेसम्म आफ्नो डिजेइङबाट दर्शकलाई निरन्तर नचाइन्। उनले चल्तीका हिन्दी र अंग्रेज गीतसँगै नेपाली गीतलाई मिक्स गरेर दर्शकलाई निरन्तर नचाएकी थिइन्। त्यसअघि राति १२ देखि १ बजेसम्म नेपाली डीजे सुरज र साइनले दर्शकलाई नचाएका थिए।






# विराट र अनुष्काको पार्टीमा किन छुटे **सलमान** ?



बलिउड नायिका अनुष्का शर्मा तथा भारतीय क्रिकेटर विराट कोहलीले बलिउड फिल्म उद्योगसँग जोडिएका व्यक्तिहरूका लागि मंगलबार दोस्रो रिसेप्सन राखे। उनीहरूले बलिउड फिल्म नगरीका व्यक्तिहरूको नाम लिस्ट नै बनाएर निम्तो पठाएका थिए।

यस कारण उक्त रिसेप्सनमा अमिताभ बच्चन, शाहरुख खानदेखि लिएर अमिर खानसम्म कार्यक्रमा सहभागी भएका थिए। तर, अचम्मको कुरा के छ भने अनुष्काले सँगै काम गरिसकेका बलिउड नायक सलमान खान भने उक्त रिसेप्सनमा देखिएनन्।

शाहरुख खान, अमिर खान आदिलाई बोलाइए पनि सलमान खानलाई भने निम्तो नै नगरिएका कारण उनी त्यहाँ नगएको खबर भारतीय मिडियाहरूले प्रकाशन गरेका छन्। सबैलाई बोलाइएको कार्यक्रममा सलमानलाई मात्र छुटाउनुको भने एक विशेष कारण रहेको अनुमान गरिएको छ। फिल्म *सुल्तान*को सुटिङको क्रममा विराट र अनुष्काको ब्रेकअप भएको खबर आइरहेको थियो। उक्त समय अस्ट्रेलियामा रहेका विराटले अनुष्कासँग कुनै ठाउँमा घुम्न जाने योजना बनाइरहेका थिए। विराट र अनुष्का दुवैजना केही महिनादेखि निकै व्यस्त भएर एक-अर्कालाई समय दिन नपाएको कारण पनि विराटले उक्त योजना बनाएका थिए। तर, उक्त समय अनुष्का फिल्म *सुल्तान*को सुटिङमा व्यस्त थिइन्। त्यस कारण पनि उनले विराटको प्लान क्यान्सिल गर्नुपर्‍यो। जसका कारण विराट अनुष्कासँग रिसाएका थिए।

*सुल्तान*को सुटिङको क्रममा सलमानले अनुष्कालाई रोकेका कारण विराटले सलमानलाई आफ्नो रिसेप्सनमा नबोलाएको अनुमानका खबर भारतीय मिडियाहरूले प्रकाशन गरेका छन्। तर, यस कुराको पुष्टि भने गरिएको छैन।

सलमानले बुधबार मात्रै आफ्नो ५२औं जन्म मनाएका छन्। उनले भारतको मुम्बईमा आफ्नो परिवार तथा प्रेमिका युलिया वन्तुरसँग आफ्नो जन्मदिन धुमधामका साथ मनाएका हुन्। उनको बर्थडे पार्टीमा उनका एक्स गर्लफ्रेन्ड संगीता बिजलानी तथा कट्रिना कैफसमेत सामेल थिए।



# हेटौंडामा म्युजिकल नाइट हुँदै




हेटौंडा, (नेस)। हेटौंडामा राष्ट्रिय कलाकारको जम्बो टोलीले विभिन्न मनोरञ्जनात्मक प्रस्तुति दिने भएको छ।

नेपाल उद्योग वाणिज्य महासंघको चलचित्र तथा मनोरञ्जन फोरमले देशमा पहिलोपटक गर्न लागेको *म्युजिकल नाइट* २०७४ मा संगीत, फिल्म तथा हास्य विधासँग सम्बन्धित कलाकारहरू प्रस्तुतिका लागि हेटौंडा आउने भएका हुन्।

नेपाली चलचित्र तथा गीत-संगीत क्षेत्रको प्रवर्द्धन, गीत तथा संगीतका माध्यमबाट स्थानीय आर्थिक गतिविधि विस्तार गर्ने उद्देश्यसाथ नेपाल उद्योग वाणिज्य महासंघको दैवी प्रकोप राहत उद्धार कोषको सहयोगार्थ पुस २१ गते आयोजना हुन लागेको *म्युजिकल नाइट*मा अञ्जु पन्त, राजनराज शिवाकोटी र युवराज चौलागाईंले गायकी प्रस्तुत गर्नेछन् भने हास्य विधाका चर्चित अनुहार जितु नेपाल र केदार घिमिरे 'माग्ने बुढा' ले कमेडी प्रस्तुत गर्नेछन्। कार्यक्रममा महासंघ केन्द्रीय सदस्य, फोरम संयोजक तथा नेपाल चलचित्र निर्माता संघका अध्यक्ष आकाश अधिकारी, निरुता सिंह, श्वेता खड्का, नीता ढुंगाना, यशराज गराच आदिले नृत्य प्रस्तुत गर्नेछन्। कार्यक्रममा देशका चर्चित अन्य कलाकारको पनि उपस्थिति रहने बुधबार यहाँ आयोजित पत्रकार भेटमा जानकारी गराइएको छ।

मुलुकभित्र आर्थिक/व्यावसायिक गतिविधि सुस्त रहेको अवस्थामा स्थानीय आर्थिक गतिविधि विस्तारका साथै मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउने लक्ष्यका साथ महासंघले यस प्रकारका कार्यक्रमको आयोजनामा विशेष जोड दिएको अधिकारीले बताए। सबै प्रकारका निर्वाचन सम्पन्न भएर मुलुक आर्थिक समृद्धिको एकल सूत्रमा अगाडि बढ्ने तरखरमा रहेको बेला आयोजना हुने यस्ता कार्यक्रमले आर्थिक समृद्धिको अभियानलाई सफल पार्न महत्त्वपूर्ण सहयोग पुर्‍याउने अपेक्षा महासंघको छ। हेटौंडाको रिगल रिसोर्टमा हुने सांगीतिक कार्यक्रममा मनोरञ्जनात्मक प्रस्तुतिको समयावधि करिब ३ घण्टाको रहने नेउवा महासंघ उपाध्यक्ष उमेशलाल श्रेष्ठले बताए। गीत/संगीतका माध्यमबाट स्थानीय तहमा स्थानीय आर्थिक गतिविधि विस्तारका साथै सेवामूलक उद्योग/व्यवसाय र स्थानीय तहमा पर्यटन प्रवर्द्धनमा सघाउ पुर्‍याउने अपेक्षा लिइएको कार्यक्रम संयोजक नरेन्द्र महर्जनको भनाइ छ।






नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, DEC
Thursday
28

# विचार

> तिनीहरूले जे पनि गर्न सक्छन्, किनभने तिनीहरूले गर्न सक्छु भनेर भित्रैदेखि सोच्न सक्छन्।
> — भर्जिल

> मैले जे चाहेँ त्यो पाएँ, तर त्यसको लागि मैले के-के गर्नुपऱ्यो ? त्यो केवल मलाई मात्र थाहा छ। मेरो जीवन यसको प्रमाण हो।
> — रुजबेल्ट

## सम्पादकीय

नेपाल समाचारपत्र

# जनप्रतिनिधिको अधिकार नखोस

दुई दशकसम्म जनप्रतिनिधिविहीन रहेको स्थानीय निकायमा वैशाख ३१ गते भएको निर्वाचनबाट अधिकार सम्पन्न स्थानीय तहमा जनप्रतिनिधिहरु निर्वाचित भए पनि माथिल्लो निकायले जनप्रतिनिधिहरुको अधिकार एकपछि अर्को गर्दै खोस्न थालेका छन् । जनताप्रति आशा र भरोसा गरिएका जनप्रतिनिधिहरुले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको परिपत्रका कारण सोचेजस्तो सेवा दिन सकेका छैनन् । जनप्रतिनिधिको अधिकार नै खोसिएपछि वडाध्यक्षहरु कामविहीन भएका छन् । जनशक्ति र कानुनको अभाव देखाउँदै सरकारलाई कज्याउने कर्मचारीहरुको रणनीतिलाई राजनीतिक दलहरुले मौन समर्थन जनाएका छन् ।

स्थानीय सरकारको निर्वाचन भएलगत्तै प्रदेश र प्रतिनिधिसभाको निर्वाचनको तयारी शुरु गरियो । संविधानले गरेको बाध्यकारी व्यवस्थाअनुसार दलहरु निर्वाचनमा होमिए पनि । तर भएका जनप्रतिनिधिहरुलाई अधिकार सम्पन्न बनाउन ऐन, कानुन र जनशक्तिको व्यवस्थापनमा समय खर्चिन चाहेनन् वा चासो नै लिएनन् । थुप्रै सरकारी कार्यालय कामविहीन भइसकेका छन् । ती कार्यालयहरुमा रहेका थुप्रै अधिकृत स्तरका कर्मचारीहरु हाजिर गरेर टाप कसिरहेका छन् । विगत ९ महिनादेखि कर्मचारीहरु कामविहीन भएका छन् । मन्त्रालय तिनै कर्मचारीलाई व्यवस्थापन गरेर स्थानीय सरकारलाई जिम्मा लगाउनुभन्दा स्थानीय सरकारलाई तत्काल चाहिने जति अधिकृत स्तरका कर्मचारी उपलब्ध गराउन नसकिएको बहानामा अधिकार खोसिरहेको छ । निर्वाचनकै भोलिपल्ट सचिव स्तरीय निर्णय भन्दै जारी गरेको मन्त्रालयको परिपत्रअनुसार देशभरका वडाध्यक्षहरुले विरोध गरे पनि मन्त्रालय टसमस भएको छैन । आर्थिक प्रशासन शाखाको नाममा आर्थिकसम्बन्धी विषय जोडेर सिंगो वडाको अधिकार कटौती गरिएको छ । जसका कारण आमनागरिकले सास्तीमाथि सास्ती खेपिरहेका छन् ।

हिजोका साबिकका गाविसहरुलाई वडा कार्यालय बनाइएको छ । गाविस कार्यालय हुँदा त घन्टौं कार्यालय आउन हिँड्नुपर्ने नागरिकहरुको बाध्यतालाई मन्त्रालयले बुझ्ने प्रयाससमेत गरेको छैन । वडा कार्यालयमा विनियोजन गरिएका स-साना योजनाहरुको सम्झौतासमेत वडा कार्यालयबाट हुनेछैन । जसका कारण वडावासीहरुले झन्झटिलो व्यवस्था, समय र आर्थिकरुपले समेत खर्चिलो गरी योजना सम्झौता गर्नुपर्ने बाध्यता भएको छ । त्यसले नागरिकहरुलाई जनप्रतिनिधि आएर सुविधा होइन झनै असुविधा थपिएको हो कि ? भन्ने चिन्ताले सताएको छ ।

एकातिर अधिकार सम्पन्न स्थानीय सरकारको संविधानले परिकल्पना गर्ने र अर्कोतिर मन्त्रालयका कर्मचारीहरु जनताद्वारा निर्वाचित जनप्रतिनिधिलाई निर्देशन दिइरहने गर्दा पहिलो वर्षको झन्डै ९ महिना त्यसै खेर गएको छ । देखिने गरी काम पनि केही हुनसकेको छैन । सिफारिसमा हस्ताक्षर गर्नेबाहेक अरु नयाँ अनुभूति हुने खालका काम गर्न ऐन र जनशक्ति बाधक देखाउँदै कर्मचारीहरुले जनप्रतिनिधिलाई सास्ती दिँदा त्यसको मार नागरिकले पाएका छन् । न मन्त्रालय कानुनको ड्राफ्ट तयार गर्छ, न जनशक्तिको व्यवस्थापन गर्छ, न अधिकार नै दिन्छ ? मन्त्रालयले दिएर मात्रै अधिकार प्रयोग गर्ने जनप्रतिनिधिको सोचसमेत अचम्मको छ । आफूले प्राप्त गरेको अधिकार प्रयोग गर्न आदेश पर्खने कि ऐन र कानुन बनाएर कार्यान्वयन गर्ने ? जनप्रतिनिधिहरुमाथि पनि प्रश्न उठेको छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# नागरिकको पीडा सम्बोधनको आशा



रमेश भट्टराई 'सहृदयी'

नेपालको इतिहासमा पहिलो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको मूल्याङ्कनसँगै २०७४ साल चुनाव वर्ष बन्न पुग्यो। एउटै सालमा स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनले यो इतिहासलाई सुरक्षित गरेको छ। इतिहास बनायो तर पनि एउटा छुटेको यथार्थ छायामा अड्किरहेकै छ, जुन अबको स्थानीय सरकारका लागि सोचनीय मार्ग हो, जनताको पीडा सम्बोधनको एउटा अत्यावश्यकीय दृश्य हो। हाम्रो मुलुकले परिवर्तनका लामा इतिहासलाई आफ्ना पोल्टामा पारेको छ। विकासका लागि सिद्धान्तका लामा-लामा आशावादी ठेलीमा सपनाका दरबार बने। हो, हरेक व्यक्तिले शान्ति, समृद्धिमा अमनचयनको जिन्दगी जिउन चाहन्छ। कसैको दमन, जलन, अत्याचारबाट मुक्त हुन नपाउँदा मानव मन मात्र होइन प्राणी मात्रको दिलमा चोट पुग्छ। वर्तमान युगसम्म आइपुग्दा देशका व्यवस्थामा स्वतन्त्रताका लागि सुन्दर कानुनी प्रावधान हुँदाहुँदै आज पनि दूरदराजमा जलन छन्, पीडा छन्। मुकशैलीबाट बालश्रम शोषण भइरहेका छन्- अलिकति विकसित तरिकाबाट, अलिकति पृथक् ढाँचामा श्रमिकले साहु-महाजनको हली बन्नु नपरेको भन्ने पनि छैन। हलिया प्रथा, दास प्रथा, झुमा प्रथा या त छाउपडी प्रथा, देउकी प्रथाको मारमा अभाव र अशिक्षाको जलन छ। विपन्न वर्गका वेदना त्यसै चिमोटिएका छन्। तिनका आवाजलाई टाठाबाठाकै दमनकारी स्वरले सर्लक्क ढाकेर चाकडीबाजकै गुदीले आधार दिनै परेको छ।

भर्खरै भएको स्थानीय चुनावका लागि लाखौं रकमसँग भोट बिक्री वितरण भएका यथार्थ कुरा गाउँ, समाजका चोक, चमेनागृहमा पोखिन थालेका छन्। न्यायालयदेखि हरेक पुस्तकालयसम्म कर्मचारीतन्त्र, पार्टीगत नातावादी दादावाद, उपल्ला ओहदाका कर्मचारीका दबाबमूलक आदेशले विनाहिचकिचाहट चाकडीबाजको मैदान पाउँछ। पैसाको चलखेलसँग कैयौं सेवामूलक कार्यक्रम चल्छन्, जनताका पसिनामा खेलबाड हुन्छ, सोझा र निरीहलाई चुसिरहिन्छ। यी सबै विचारमा आजको तीता-पीरा वास्तविकता अवश्य छन्। बाध्यताले, अवसरको आशाले दमनलाई मुकशैलीमा स्वीकार गर्नै परेको छ। पितृसत्तात्मकता छ, गरिबीको दुर्दशामा अशिक्षा छ, विभेदमा मौका छोपेर उपेक्षाकै स्तरमा निरीहका स्वतन्त्रतालाई पिल्स्याइएका तीता यथार्थ छन्। त्यहाँ वाक्स्वतन्त्रता निमोठिएका छन्। नारी अस्मिता कुण्ठित छ- प्रथाले, समाजले, परम्पराले। विकट क्षेत्रका यी र यस्ता वेदनालाई पर्दाले यदाकदा रङ्गाएको होला। अभावसँग मितेरी लाउनेले नै जो होचो उसको मुखमा घोचो भनेझैँ अनेक थरी समाजका लाञ्छना व्यहोर्दै गर्दा भ्रष्टाचार, पार्टीवादी सोच र स्वार्थ, नातावाद, कृपावादले स्वतन्त्रता नै 'आकाशको फल आँखा तरी मर' भन्ने मनोवैज्ञानिक पीडा छँदै छन्। सूक्ष्मातिसूक्ष्म कामका लागि पनि सरकारी कार्यालयमा होस् वा निजीमा, आखिर निरीहका आवाजमा साँच्चै पीडादायी जलन छन्। कर्मचारीतन्त्र, व्यक्तिको आनिबानीका कारण बोल्न नसक्ने र कुनै पार्टीगत शक्तिलाई भिरेर हिँड्न नसक्ने वा नचाहनेमाथि हस्पिटलदेखि हरेक संवेदनशील कार्यमा समेत हैरानी हुन्छ, पीडा हुन्छ, बेवास्ता गरिन्छ। यी तीता सत्यप्रति जतिसुकै आवाज बुलन्द बन्दै आएका भए पनि ती बिलौना खोलाका गीत बनिरहेको सत्य नितान्त आजका हुन्।

> सूक्ष्मातिसूक्ष्म कामका लागि पनि सरकारी कार्यालयमा होस् वा निजीमा, आखिर निरीहका आवाजमा साँच्चै पीडादायी जलन छन्। कर्मचारीतन्त्र, व्यक्तिको आनिबानीका कारण बोल्न नसक्ने र कुनै पार्टीगत शक्तिलाई भिरेर हिँड्न नसक्ने वा नचाहनेमाथि हस्पिटलदेखि हरेक संवेदनशील कार्यमा समेत हैरानी हुन्छ, पीडा हुन्छ, बेवास्ता गरिन्छ। यी तीता सत्यप्रति जतिसुकै आवाज बुलन्द बन्दै आएका भए पनि ती बिलौना खोलाका गीत बनिरहेको सत्य नितान्त आजका हुन्।

सरकारी काममा हैरानी र बेचैनीका कारण भ्रष्टाचार हुन्छन् र आज अझ मौलाएका तीता सत्य छन्। शैक्षिक सक्षमता होस्, नहोस्, दादावाद चल्छ, पार्टीवादी स्वार्थसँगै नातावाद, कृपावादले पद, पैसा र प्रतिष्ठाको चङ्गुलमा निरीहले सधैं जलिरहँदा पीडाका आवाज आइरहेकै छन्। बोल्न चाहेर पनि बोल्ने हो भने अप्ठ्यारो पर्ला कि भन्ने डरसँग कर्मचारीको सरुवा, बढुवा, जागिर स्थापनाका खेल चल्छन्। पार्टीलाई गाली गर्ने परम्परा जति भइरहेका छन् सबै अनुशासनहीन व्यवहारका बेथितिले जन्माएको स्वार्थी प्रवृत्तिसिवाय अरु हुनै सक्दैन। संघीय शासनसँग यो मुकपीडाको सुधारप्रति जनताको आशा र अपेक्षा छ। त्यसो त आज पनि ढुक्क भएर सन्तोष मान्ने अवस्था कहाँ छ र ? हातमा सीप, बौद्धिकता या त क्षमता भएका व्यक्तिले विदेशिनुपरेका सत्यको आँकलन नै कहाँ भएको होला त ? शक्ति र सामर्थ्यले गाँजेको पद्धतिले शैक्षिक बेरोजगारिता र मनोवैज्ञानिक जलन भएका हुन्। अलिकति आशा छ, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने महायज्ञमा रेखी हालिएको अनुभूत छ। संघीय शासनका लागि यी आशा र अभिलासाका परिशिष्टमा रहेका मागको सम्बोधनका लागि निर्वाचित नेतृत्वका लागि विशेष मौका हुन्। अब क्षमतावान्ले प्रमाणपत्रलाई सिरानी लगाएर सुत्नु नपरोस्। कुनाकन्दरालाई चियाएर अलिकति विकासको बास्ना छर्नु संघीय शासनको सुनौलो अवसर त्यहाँ छ। आगतको घडीले यिनै सपनालाई काँधमा राखेर हिँड्ने ठूलो आशा छ- स्वतन्त्रतासँगै।

चाहे अभाव होस्, चाहे गरिबी होस्- स्वतन्त्रताको महानतामा दया, मानवता, बन्धुत्वका भाव जागृत हुन्छन्। खान, बस्न र सुत्न त जेलका मानिसलाई पनि दिइन्छ। सुरक्षा व्यवस्था त्यहाँ झनै कडा हुन्छ, आधारभूत आवश्यकता पनि त पूरा भएकै हुन्छन् तर त्यहाँको अभाव रहेछ- स्वतन्त्रता। स्वतन्त्र मुहारमा खुशीको रङ पोतिन्छ। हरेक सजीव प्राणी आफ्नै स्वतन्त्रतामा जिउन चाहन्छ। खुला आकाशमा निर्बाध उड्ने सुँगालाई पिँजडाको संसारभित्र कुज्याइएको सुविधाभन्दा चारोको खोजीमा धित मरुन्जेल प्रकृतिको काखसँग विचरण गर्दाको मजा बेग्लै हुन्छ।

आफ्नो गतिविधि वा कार्यमा स्वाधीनता अर्थात् बन्धन नभएको स्थिति हो स्वतन्त्रता। नेपालको संविधानले भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा १७ मा 'कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिनेछैन' भनी स्वतन्त्रताको मूल्यलाई शङ्खघोष गरेको छ। विचार र अभिव्यक्तिको स्वतन्त्रता, विनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, संघसंस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने साथै उद्योग, व्यापार तथा व्यवसाय स्थापना र सञ्चालन गर्नेजस्ता स्वतन्त्रतालाई संविधानले लिपिबद्ध गर्न चुकाएको छैन। भाग ३, धारा २६ मा 'धर्म अवलम्बन, अभ्यास र संरक्षण गर्ने' धार्मिक स्वतन्त्रताको आवाजले आफ्नो स्थान सुरक्षित गरेको छ। अवसरको ढोका स्वतन्त्रताबाटै उघ्रिन्छ।

स्वतन्त्रताभित्रका कमजोरीकै कारण राजनीतिक बेथिति बढ्दो रहेछ। शाषक वर्गमा सत्ता र भ्रष्टाचारको अखडालाई सहज बनाइदिएका पक्षमा कानुनको गाँठो भने कडा हुनै पर्छ। हाम्रो जस्तो मुलुकमा असचेतता र अशिक्षाका कारण अल्पसङ्ख्यकका समस्या ओझेलमा पर्ने डर हुने हुनाले व्यक्तिगत समस्यामा जान संघीय शासन दह्रो बन्नुपर्छ। गरिबी, महँगीको मार, बेरोजगारीजस्ता समस्याले त आज स्वतन्त्रता नै बाँदरको हातमा नरिवल भएको अनुभूति गरेका पीडादायी यथार्थ छँदै छ। सुविधाभोगी मपाईंत्व बढ्दा राष्ट्रहितको नाममा व्यक्तिगत स्वार्थले सीमा मिचे पनि शक्तिलाई स्वीकार्नै पर्ने विडम्बनाले राज्य व्यवस्थापनको स्वतन्त्रतालाई धक्का पुऱ्याउँछ। राजनीतिक अस्थिरता, अशान्तिपूर्ण आन्दोलन, चक्काजाम, विरोधले भौतिक संरचनामा क्षति पुऱ्याइएका घातक कार्यले हुन् या आन्दोलन नगरे कुरै सुनुवाइ नहुने समस्यालाई नियाल्दा जनताको सुनुवाइ हुने विभाग नै खडा गरी न्यायोचित संयोजन गर्नुपर्ने अवस्थामा सचेतनाको आवश्यकता छ। दादावाद बढे समाजको आदर्शतामा घात पुग्न जान्छ। सात्विक, निष्पक्ष सेवा गर्नेमा उत्साह मर्छ। आर्थिक तथा सामाजिक, सांस्कृतिक रुपान्तरणमा विकृत पक्षले डेरा नजमाओस् भन्नका खातिर समन्वयकारी मध्यमार्गमा अब त जनताले आन्तरिक स्वरोजगारमा आफ्नो सीप र क्षमतालाई निर्बाध पोख्ने अवसर पाउनुपर्छ। यसर्थ वैयक्तिक, राजनीतिक, धार्मिक-सांस्कृतिक, पारिवारिक, नागरिक स्वतन्त्रताजस्ता व्यापक परिधिमा मानवीय सुख, अमनचयनका पक्ष गाँसिएका हुन्छन्।

प्रेस स्वतन्त्रताका कुरा उठ्छन्। मानवीय हक र विविध अधिकार प्राप्तिका पक्षमा स्वतन्त्रताकै लडाइँ भइरहेका छन्। विश्व परिवेशलाई अहिलेकै अवस्थामा हेर्ने हो भने हामी त गौरव गर्न कञ्जुस्याइँ गर्नुपर्नेमा पर्दैनौं शायद। संसारमा अझै कठोर शासनको जलनमा जनता आजित छन्। म्यानमारको स्वतन्त्र शासनका निम्ति आङ सान सुकीको प्रशंसनीय कोशिश जारी छ। नेल्सन मन्डेलाले दक्षिण अफ्रिकालाई स्वतन्त्रता दिलाएको धेरै भएकै छैन। अब्राहम लिङ्कनले करिब चालीस लाख दासदासीलाई दासत्वको जन्जिरबाट मुक्ति दिलाएर स्वतन्त्रताको सुगन्ध छरे। महात्मा गान्धीले अहिंसा र सत्मार्गको आडमा रहेर अङ्ग्रेजको उपनिवेशबाट भारतमा स्वतन्त्रताको बिगुल घन्काए। उनले त्यहाँ कृषकलाई जगाउँदै गर्दा पं. जवाहरलाल नेहरूले बुद्धिजीवीलाई तान्दै सपेटी पारेर भारतीय स्वतन्त्रतामा हात दिए। १६ जुलाई १९१७ मा लेनिनले रूसमा समाजवादी क्रान्तिसँग सर्वसाधारणका लागि स्वतन्त्रताको बाटो दिए।

निर्दोष सोझा जनताले निशानामा परेर जीवनलाई विनाकारण मृत्युसँग तोल्नुपरेका पीडाको हृदयविदारक दृश्य कति त्रासदीपूर्ण हुन्छ। कठोर शासन व्यवस्थाबाट उम्केर स्वतन्त्रता प्राप्तिका निम्ति विश्वका मानवअधिकारकर्मी, स्वतन्त्रताप्रेमी तथा यस विषयमा सरोकार राख्ने अनेकौं संघसंस्था चिन्तित छन्। साहित्यले स्वतन्त्रतालाई बोल्छ, नि:स्वार्थ मानवीय सेवाले शान्तिप्रेमी मनलाई पगाल्छ अनि जन्मन्छ- त्यहाँ साँचो स्वतन्त्रता। आज पनि मानव समुदायले आफ्नो हक र अधिकारका निम्ति खुल्न नपाएका विश्व-समाचारलाई हेर्दा संसारको स्वतन्त्रता र सहअस्तित्वको प्राप्तिका तुलनामा नेपाल धेरै अघि रहेको आशामा मुक पीडा भने नभएको होइन। सम्भवत: अब सङ्क्रमणको सङ्कट चिरेर संविधानको पोयो नभुले जनआकाङ्क्षाका स्वतन्त्र स्वर्णिम स्वप्नाले साकार हुन पाउलान्, अबको स्थायी सरकार र समृद्धिको बाटोमा जनताले चाहेका यी विषय पक्कै गम्भीर लाग्छन्।

## पाठक पत्र

# निजगढ-काठमाडौं फास्ट ट्र्याकबारे महत्वपूर्ण कुरा

नेपालको सबभन्दा ठूलो भन्सार विन्दु वीरगन्जको नजिकै र नेपालको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको लागि प्रस्तावित क्षेत्र निजगढबाट शुरु भई संघीय नेपालको केन्द्रीय राजधानी जोड्न सबैभन्दा उपयुक्त ७६ कि.मि. लामो द्रुत मार्ग हो। सन् २००८ मा एडीबीले विस्तृत अध्ययन गरी नेपाली सेनाले सम्भव हुनेसम्मको ट्र्याक खुलाउने कार्य नेपाल सरकारको आफ्नै स्रोत-साधनबाट करिब ८० प्रतिशत सम्पन्न भइसकेको अवस्था हो। सो अध्ययनअनुसार यस सडकमा १३५० मि. टनेल तथा ४० देखि १०५ मि. अग्लो १६ वटा पुल हुनेछ।

सो अध्ययनपश्चात् सन् २००८ जुलाईमा मागिएको मनासय पत्र (ईओआई) भारतका दुई कम्पनीहरु ग्यामन इन्डिया लि. र रिलायन्स इन्फ्रास्ट्रक्चर साथै अर्को कोरियन कम्पनी लेन्डमार्क वर्ल्डवाइडले गरी तीनवटा कम्पनीले पेस गरेका थिए। त्यस बेला ८० कि.मि. (हाल ७६ कि.मि.) चार लेन सडकको लागत ६७ अर्ब अनुमान गरिएको थियो भने ग्यामन इन्डिया लि.ले त ६० अर्बमा नै बनाउन सक्ने अनुमान गरेको थियो। सो प्रक्रिया त्यत्तिकै रोकिएपछि फेरि सन् २०१२ सेप्टेम्बरमा मन्त्रालयले मनासय पत्र आह्वान गऱ्यो र सो समय ९ वटा कम्पनीहरुले मनसाय पत्र पेस गरेकोमा ४ वटा कम्पनीहरु क्वालिफाइड भए पनि पछि आरएफपी पेस गर्न कुनै पनि कम्पनिहरु आएनन्।

त्यसपछि सन २०१४ मार्चमा राष्ट्रिय योजना आयोगले अन्य विकल्प खुल्ला राख्दै यो आयोजना नेपाल सरकार आफैंले निर्माण गर्नुपर्ने निष्कर्ष निकालेको थियो। यसको



मुख्य कारण उक्त सडकमा दगुर्ने सवारी संख्या कम हुनाले कुनै पनि विदेशी कम्पनी वा लगानीकर्ताहरु आकर्षित नहुनु हो। तर फेरि सन् २०१४ सेप्टेम्बरमा मनासय पत्र आह्वन गरियो र अहिल चर्चा भएका घटनाक्रमहरु भई नै रहेको छ। यसपटक यस आयोजनाको अनुमानित लागत ८४४ मिलियन अमेरिकी डलर (करिब ७६ अर्ब विनिमय दर १ डलर बराबर ९० रुपियाँ) मानी मनासय पत्र आह्वान गरिएको थियो। सन् १९७० मा दक्षिण कोरियाले ४२१ कि.मि. लामो सिओल-बुसान द्रुत मार्ग निर्माण गर्दा डिजाइनमा विदेशी कन्सल्टेन्टहरु हायर गरी आफ्ना स्वदेशी इन्जिनियर र निर्माण व्यवसायीहरुबाट निर्माण गरेको उदाहरणले यस्ता आयोजनामा टेक्नोलोजी हस्तान्तरणको लागि स्वदेशी सहभागिता हुनै पर्छ भन्ने पुष्टि गर्छ। यस आयोजनामा पनि अधिकांश भाग नेपाली इन्जिनियर र निर्माण व्यवसायीहरुले गर्न सक्छन् र गर्न पाउनुपर्ने राष्ट्रहितको निर्णय हुन जान्छ। सन् २००८ को एडीबीको अध्ययनमा यो सडकलाई २ लेनमा मात्र बनाउँदा झन्डै २५ प्रतिशत लागत कम हुने र सन् २००९ को वर्ल्ड बैंकको सुझाव पनि २ लेन नै सडक बनाउन दिएको थियो।

हाम्रा सडकहरुमा सवारी संख्याको कमीले यो आयोजना उपयुक्त नहुने बहस भएको बेला अहिले भैरहेको सबै प्रक्रिया रोकी २ लेनको सडक बनाउनेतर्फ यथाशीघ्र लाग्नु राष्ट्रको हितमा छ। भर्खरै गरिएको अध्ययनले नागढुंगामा दोहोरो ट्राफिक गरी झन्डै ८ हजार छन्, जुन नेपालको सबैभन्दा व्यस्त रुट हो र नेपालको इतिहासको आजसम्मको यातायात क्षेत्रको विकासबाट प्राप्त संख्या हो। यसमा स्थानीय क्षेत्रबाट आउने गाडीहरु, बेल्खुबाट बालुवा बोकेर आउने टिपरहरु, पोखराबाट आउने सवारीहरु र नारायणघाट पश्चिमबाट आउने गाडीहरु घटाउँदा २७००, २८०० गाडीहरु मात्र निजगढ हुँदै काठमाडौं प्रवेश गर्छन्। जबकि एडीबीको अध्ययनअनुसारको यस योजनाको लागत ७६ अर्ब मान्दा पनि झन्डै १२ हजार सवारी ब्रेक इभनमा पुग्न आवश्यक छ। त्यस्तै संसारभरि नै टोल तिर्ने सडकमा वैकल्पिक सडक हुन्छ। त्यो नागरिकको अधिकार हो। तर यो सडकमा वैकल्पिक सडक भनेको नारायणघाट हुँदै पृथ्वी राजमार्गबाट आउनु हो, जो विकल्प होइन। तसर्थ यो सडक सवारी संख्याको चाप, दातृ निकायको सल्लाह, नागरिकको अधिकार, अहिलेको प्रक्रियामा जाँदा राष्ट्रलाई हुने हानिजस्ता गम्भीर विषयवस्तुलाई हृदयंगम गर्दा सरकार आफैंले २ लेनको सडक बनाउनुपर्छ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालका निर्माण व्यवसायीहरुले २०५१, २०५२ सालसम्म केही फड्को मारेको दृष्टान्त हाम्रो सामुन्ने छ। तत्पश्चात् शुरु भएको जनयुद्धलगायतका कतिपय परिस्थितिको कारणले २०६३, २०६४ सालसम्म आइपुग्दा व्यवसायीहरु धराशयी बनेका र सो समयपश्चात् भएका राजनीतिक उथलपुथलले हालसम्म आइपुग्दा पूर्णरुपमा नै एकाध उदाहरणबाहेक टाट पल्टेको अवस्था हाम्रो सामुको यथार्थता हो। कुनै विदेशी कम्पनीलाई आयोजनमा लाग्ने लागत सबैको जोगाड गर्न लागिपरेको सरकार किन नेपालकै व्यवसायीहरुलाई कुनै विशेष निर्णय गरेर राहत दिनचाहिँ नलाग्ने ? मन्त्रिपरिषद्ले निर्णय गरेको अवस्थामा सरकारी इस्टिमेटमा नै २० करोडको हाराहारी टर्नओभर भएका निर्माण कम्पनीहरु सूचीकृत गरी २ अर्बको हाराहारीमा प्याकेज बनाई, बढीमा तीनवटा कम्पनीको ज्वाइन्ट भेन्चर गरी ५० को हाराहारीमा प्याकेज बनाई, बढीमा १५० वटा निर्माण कम्पनीलाई ठेक्का दिने प्रावधान गरेर र प्रत्येक प्याकेजमा तीनवटा सब-कन्ट्र्याक्टर गरी कुल ३ सय निर्माण कम्पनीलाई यस सडकमा देखाएको जनशक्ति, मेसिन तथा आर्थिक स्रोत अन्य टेन्डरमा देखाउन नपाउने र कुनै पनि बहनामा म्याद थप नहुने सर्त राखेर कार्य दिएमा टाट पल्टिएर पलायन हुन लागेका निर्माण व्यवसायीहरु पनि राष्ट्र निर्माणको अभियानमा रहने थिए र निर्माण व्यवसायीले पनि राज्य भएको महसुस गर्ने थिए।

*सुदर्शन शर्मा, निर्माण व्यवसायी, प्युठान*

## सामाजिक सञ्जाल



सरकार ! चुनावपछि दुईपटक इन्धनको मूल्य बढायौ। अब सार्वजनिक सवारीसाधनको पनि भाडा बढाइहाल। वाम गठबन्धनको सरकार बनेपछि अधिनायकवाद आउँछ, तिम्ले भाडा बढाउन पाउन्नौ।

**Dhruba lamsal**
**@dhrubalamsal1**



जनताले आदेश दिएको छ। आर्थिक, सामाजिक परिवर्तन मुलुकको अबको प्रमुख एजेन्डा हो।

**Nawa Raj Silwal**
**@Nawasilwal**



'गणतन्त्र आएपछि राष्ट्र समृद्ध हुन्छ' सुनेकै भरमा गणतन्त्र आयो, अब मागेकै भरमा राज्य चल्ने होला। माग्नेका सन्तानहरू।

**Vinod Paudel**
**@vinodpaudell**

यसमा निरन्तर श्रव्य-दृश्य हुने भएको हुँदा एमआरआई गराउने बिरामीलाई डरको सट्टा मनोरञ्जन दिने र तिनले आफ्नो छनोटको संगीत वा भिडियो हेर्न मिल्ने विशेषता रहेका छन्।

# पूर्वयुवराज्ञीद्वारा नर्भिकको अत्याधुनिक सेवाको उद्घाटन



**नेपाल समाचारपत्र**

काठमाडौं

नर्भिक इन्टरनेसनल हस्पिटलमा जडित अत्याधुनिक सुविधा सम्पन्न ३ टेस्ला एमआरआई सेवाको पूर्वयुवराज्ञी हिमानी राज्यलक्ष्मीदेवी शाहले विशेष समारोहबीच बुधबार उद्घाटन गर्नुभयो। विश्वकै उत्कृष्ट मध्येको एक अत्याधुनिक प्रविधि सम्पन्न १२८ स्लाइस एमआरआई तथा सीटीस्क्यान मेसिन अस्पतालले थप गरेको छ।

अत्याधुनिक सीटी स्क्यान र अत्याधुनिक एमआरआई सेवा थपिएपछि नर्भिकले आफूलाई पूर्णतया न्युक्लिएर मेडिसिन सेन्टरका रूपमा परिणत गर्न सफल भएको जनाएको छ।

अस्पतालले जनाएअनुसार नेदरल्यान्डमा निर्मित ३ टेस्ला इन्जेनिया एमआरआईमा (इन-बोर) सुरूङभित्र श्रव्य-दृश्य प्रणाली रहेको हुँदा बिरामीले आफूलाई मनपर्ने, संगीत, मनपर्ने भिडियो आदि सुन्न/हेर्न सक्नेछन्। त्यसै गरी एमआरआई प्रक्रियाको चित्र अति विशिष्ट हुने उल्लेख गरिएको छ।

डरलाग्दो आवाज र झन्झनाहट नै एमआरआई गराउने बिरामीहरूले भोग्दै आएको समस्या हो। यसखाले एमआरआईको शुरूङभित्र झन्झनाहट र अप्रिय आवाजको सट्टा सुमधुर संगीत र मनमोहक भिडियो (श्रव्य-दृश्य) प्रणाली हुनु र यसखाले समस्यारहित विश्वकै पहिलो एमआरआई भएका कारण बिरामीले त्यस्ता समस्या भोग्नुपर्ने वा डराउनुपर्ने समस्या अब छैन।

यसमा निरन्तर श्रव्य-दृश्य हुने भएको हुँदा एमआरआई गराउने बिरामीलाई डरको सट्टा मनोरञ्जन दिने र तिनले आफ्नो छनोटको संगीत वा भिडियो हेर्न मिल्ने विशेषता रहेका छन् नर्भिकका स्नायुरोग विशेषज्ञ तथा चिकित्सा निर्देशक डा. पङ्कज जलानले जानकारी दिनुभयो।

उहाँले थप्नुभयो- 'यस एमआरआई प्रणालीमा रहेको स्वचालित आधुनिक (निर्देशक गर्ने बोली) भ्वाइसले बिरामीलाई श्वास-प्रश्वास रोक्ने, एमआरआई टेबुलको चालबारे बताउने आदि गर्ने हुँदा स्क्यान गर्ने अवधि बढाइदिने र बिरामीको आरामदायिता तथा एमआरआईप्रति तिनको सहयोग पनि बढाउने हुँदा यसलाई पूर्ण आरामदायी मानिएको छ। उक्त सीटी स्क्यानमा 'आइडोज ४' प्रणाली रहेको हुँदा त्यसलाई विश्वकै उत्कृष्ट मध्येको एक मानिएको हो। यस सीटी स्क्यानमा अन्य सामान्य सीटी स्क्यानको तुलनामा एक्स-रेको विकीरण ८०.० ले कम हुने, उत्कृष्ट फोटो गुणस्तरका साथ अन्य थुप्रै अत्याधुनिक विशेषताहरू रहेका छन्। यसले मुटु, मस्तिष्क, मांशपेशी, अस्थीपञ्जर आदि सबै प्रणालीको खराबी/रोग पत्ता लागउन सर्वोत्कृष्ट भूमिका निभाउने डा.जलानले बताउनुभयो।

समारोहमा वरिष्ठ कलाकार तथा नर्भिकका सद्भावनादूत हरिवंश आचार्यले आफू बिरामी नै नभै यो मेसिनभित्र पस्न पाउने भाग्यमानी व्यक्ति भएको बताउनुभयो। सद्भावना दूतका लागि कति मान्छेको लडाइँ हुन्छ। तर म बिरामी र मदनदाइ डाक्टर भएर यो मेसिनको बारेमा बोलेका छौं र हामी दुबै सजिलै एम्बेस्डर बन्यौं। यो मेसिन नेपालमा भित्रिएर नेपालबाट उपचारका नाममा बाहिरिने अर्बौं रूपियाँ रोकिने दाबी गर्नुभयो।

कार्यक्रममा बोल्दै नर्भिककी प्रबन्ध निर्देशक श्रीमती मेघा चौधरी शाक्यले हस्पिटलले आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने विविध सेवा विस्तार योजना बारे प्रकाश पार्नुभयो। सो अवसरमा नर्भिक इन्टरनेसनल हस्पिटल तथा लक्ष्मी बैंकद्वारा संयुक्तरूपमा शुरूआत गरिन लागिएको 'नर्भिक-प्रिमिलेज डेविट कार्ड'को समेत शुभारम्भको सार्वजनिकीकरण बैंकका कार्यकारी अधिकृत सुदेश खालिङ र अस्पतालका अध्यक्ष बसन्त चौधरीले गर्नुभएको थियो। खालिङले 'नर्भिक प्रिभिलेज डेबिट कार्ड' को आवश्यकता उपादेयता, उद्देश्य, सेवा, प्रयोग र सुविधा बारेमा जानकारी गराउनुभयो।

'नर्भिक प्रिभिलेज डेविट कार्ड' प्राप्त गर्ने महानुभावलाई नर्भिकले विविध स्वास्थ्य परीक्षण प्याकेजहरू, रेडियोलोजी सेवा, प्रयोगशाला सेवा, शल्यक्रिया तथा अन्य प्रक्रियाहरू, नन्-इन्भेसिभ कार्डियोलोजी सेवा, सीटी/एमआरआई र म्यामोग्राम सेवा तथा शैय्या शुल्कमा समेत छुट उपलब्ध गराउने जनाएको छ। समारोहमा हस्पिटलका अध्यक्ष चौधरीले प्रमुख अतिथि पूर्वयुवराज्ञी हिमानी राज्यलक्ष्मीदेवी शाहलाई प्रशंसा-पत्र प्रदान गर्नुभएको थियो।

## ११ जुवाडे पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-४ चप्पल कारखाना डेरा गरी बस्ने खोटाङको सिमपानी घर भएका नरेन्द्र राईको कोठामा जुवातास खेलिरहेका राईसमेतका ११ जनालाई प्रहरीले मंगलबार नगद २ लाख ६७ हजार २ सय रूपियाँ र ४ बुक तासहित पक्राउ गरेको छ। यसैगरी काठमाडौं महानगरपालिका-१९ ताम्सिपाखा डेरा गरी बस्ने मकवानपुरको हेटौंडा उपमहानगरपालिका-६ घर भएका राजेन्द्र तामाङको कोठामा जुवातास खेलिरहेका तामाङसहित ८ जनालाई प्रहरीले मंगलबार नगद १९ हजार ४ सय ५० रूपियाँ र ३ बुक तासहित पक्राउ गरेको छ।

## दुर्घटनामा थापाको मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-९ बत्तीसपुतलीमा बा २ ख ८९४ नम्बरको पानी ट्याङकरले बा५५ प १३८७ नम्बरको स्कुटरलाई बुधबार ठक्कर दिँदा भएको दुर्घटनामा गम्भीर घाइते भएकी स्कुटर चालक काठमाडौं धापासी बस्ने गुल्मीको मुसिकोट गाउँपालिका-२ की २७ वर्षीया विनाकुमारी थापाको वीर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ। उक्त ट्याङकर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

**भाग्यलक्ष्मी एग्रीगेट प्रा.लि., बाँके**

**प्रारम्भीक वातावरणीय परिक्षणको लागी प्रकाशित १५ दिने सार्वजनिक सूचना**

**बाँके जिल्ला यस राप्ती सोनारी गाउँपालिका वडा नं. २ पर्ने सुमन मल्ल समेत जना ४ का नाममा दर्ता श्रेस्ता कायम रहेको साविक ढकेरी हाल सोनारी गाउँ पालिका वडा नं. ८ कि.नं. ५६८ को क्षे.फ.२-०-० मा भाग्यलक्ष्मी एग्रीगेट प्रा.लि.ले क्रसर उद्योग स्थापना गर्न लागिएकोले उपरोक्त उद्योगले सामाजिक, आर्थिक, साँस्कृतिक, भौतिक, रसायनिक र जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको स्थानमा लिखित राय सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

राय सुझाव दिने
जिल्ला बाँके, सोनारी गाउँपालिका वडा नं. २

प्रस्तावक
श्रीधर महरा क्षेत्री
त्रिभुवन न.पा. वडा नं. २

**पाण्डवेश्वर एग्रीगेट, लमही न.पा.-९, दाङ**

**प्रारम्भीक वातावरणीय परिक्षणको लागी प्रकाशित १५ दिने सार्वजनिक सूचना**

**दाँङ जिल्ला, पाण्डवेश्वर रियल स्टेट प्रा.लि.का नाममा दर्ता श्रेस्ता कायम रहेको साविक चौलाही कि.नं. ३९७, ४०३, ३२७, ५९, २७२, ३८७, ३९४, ४०५, ४०६, २७४, ३८६, ३९६, ४०४, ४०७, ३८९, ३९५, ४०२, ४९१, ४५२ समेतको जम्मा क्षे.फ. ११-६-१३.५ मा पाण्डवेश्वर एग्रीगेट प्रा.लि.ले क्रसर उद्योग स्थापना गर्न लागिएकोले उपरोक्त उद्योगले सामाजिक, आर्थिक, साँस्कृतिक, भौतिक, रसायनिक र जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको स्थानमा लिखित राय सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।**

राय सुझाव दिने
जिल्ला दाङ्ग, लमही न.पा. वडा नं. ६

प्रस्तावक
श्रीधर महरा क्षेत्री
त्रिभुवन न.पा. वडा नं. २

## पत्रकार भुसालको छानबिन गर्न निर्देशन

काठमाडौं, (नेस)

पत्रकार तीर्थ भुसालको मृत्युका बारेमा छानबिन गर्न गृहसचिव मोहनकृष्ण सापकोटाले छानबिन गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिनुभएको छ।

गत मंसिर १४ गते नवलपरासीको दाउन्नेमा सवारीका दुर्घटनामा परी उपचारका क्रममा ललितपुरको मेडिसिटीमा अस्पतालमा २३ गते भुसालको निधन भएकामा परिवारले घटनालाई रहस्यमय भएको जनाएको भन्दै शिक्षा पत्रकार समूहले सचिव सापकोटालाई सिंहदरबारमा लिखित ध्यानाकर्षण गराएको थियो। ध्यानाकर्षणपछि सचिव सापकोटाले नवलपुरका प्रमुख जिल्ला अधिकारी शम्भू मरासिनीलाई तत्काल आवश्यक छानबिन गराउन निर्देशन दिनुभएको हो। भुसाल समूहका केन्द्रीय सदस्य र नवलपुर एफएमका प्रबन्ध निर्देशक हुनुहुन्थ्यो।

समूहका अध्यक्ष दीपक दाहालसहितको प्रमण्डलले ध्यानाकर्षणपत्र दिँदै भुसालले चलाएको मोटरसाइकलमा कुनै क्षति नभएको, पछाडि बस्ने व्यक्तिलाई पनि केही नभएको तथा कुन गाडीले ठक्कर दिएको भन्नेसमेत हालसम्म किटान नभएकाले दुर्घटनालाई शंकास्पद मानिएको बताउनुभयो।

**लालझाडी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
शंकरपुर, कन्चनपुर प्रदेश नं.७

**सूचना प्रविधि अधिकृत (IT Officer) भर्ना सम्बन्धी लालझाडी गाउँपालिकाको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७४/०९/१३**

संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय ईकाइ सिंहदरबार काठमाडौंको प.स. २०७४/०७५ च.नं. १२७ मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धको पत्रानुसार यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधीनमा रही सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा नियुक्ती गर्नुपर्ने भएकाले इच्छुक उम्मेदवारहरुले यस गाउँ कार्यपालिकाको कार्यालयमा रीतपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. **आवेदन दिने अन्तिम मिति :-** २०७४/०९/२७ गते कार्यालय समय भित्र ।
२. **शैक्षिक योग्यता:-** लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technology वा सो सरहको विषयहरुमध्ये कुनै एक विषय लिई BIT, BIM, BBIS, BCA, BCIS, BE IT, BSc IT, BSc CSIT को उपाधि हासिल गरेको ।
३. **सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण** (TOR):- २०७४/०३/२८ गतेको स्वीकृत सचिवस्तरीय निर्णयमा उल्लेख भएबमोजिम हुनेछ ।
४. **संलग्न गर्नुपर्ने कागजातहरु :-** व्यक्तिगत विवरण (Boi data), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु
५. **आवेदन दिने तरिका :-** बुँदा नं. ४ मा उल्लेख गरिएका कागजातहरु एवं बुँदा नं. ६ मा तोकिएको शुल्क राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, महेन्द्रनगर स्थित यस कार्यालयको नाममा रहेको खाता नं. ४१८०३०४०१८११० मा जम्मा गरेको भौचर संलग्न राखी हुलाक, ई-मेल वा स्वयं उपस्थित भई आवेदन दिन सकिने छ ।
६. **आवेदन शुल्क :-** रु.१०००/- (रु एक हजार मात्र)
७. अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको वेभ साइट तथा सूचना अधिकारीलाइ सम्पर्क गरी बुझ्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**आवश्यकता**

**प्रथम पटक प्रकाशित मिति: २०७४/०९/१३**

**नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत यस कार्यलयमा एकजना सुचना प्रविधि अधिकृत (IT Officer) को आवश्यकता रहेकोले योग्यता पुगेको नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त आब्हान गरिन्छ ।**

**(क) पदको विवरणः**

| क्र.स | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | जम्मा माग गरिएको पद संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७४/०७५ | सेवा | सुचना अधिकृत (IT Officer) | १ (एक) जना |

**(ख) आवश्यक न्यूनतम योग्यता शैक्षिक योग्यताः**
लोकसेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer of information & communication technologyes वा सो सरहको विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSC, IT, BAC,CSIT) उपाधि प्राप्त गरेको (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्र), कार्य अनुभवको प्रमाणपत्र ।

**(ग) आवश्यक कागजातः**
१. व्यक्तिगत विवरण २. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ४. दरखास्त दस्तुर बुझाएको नगदी रसिद । उल्लेखित प्रमाणपत्रका प्रतिलिपिहरु स्वयं प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**(घ) उमेरको हद** : दरखास्त बुझाउने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेदवारको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**(ङ) करार अवधिः** २०७५ असार मसान्त सम्म ।

**(च) कार्यशर्त विवरण** (TOR) : स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रमको वेभसाइटको (lgcdp.gov.np) गृहपृष्ठमा उल्लेख भएको सुचना बमोजिम हुने ।

(छ) छनौट प्रक्रियाः छोटो सूची विधि तथा आवश्यकता अनुसार लिखित, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता हुनेछ ।

**(ज) दरखास्त दस्तुर** : रु १०००/- (एक हजार) मात्र यस कार्यालयमा नगद बुझाई सो को रसिद संलग्न गर्नुपर्नेछ ।

**(झ) सेवा र सुविधाः** तलब रु ४०,००० (चालिस हजार मात्र)

(ञ) रितपुर्वक दरखास्त फारम भरी यस कार्यालयमा बुझाउनु पर्नेछ, रित नपुगी आएको दरखास्त उपर कारवाहि हुनेछैन ।

थप जानकारीको लागि पालुङटार नगरपालिकाको कार्यालय, ठाटीपोखरी, गोरखा ।
फोनः ०६४-४०००८३, ४००००२

**प्रमुख प्रशासकीय अधिकृत**
**पालुङटार नगरपालिकाको कार्यालय**
**५८५६०६१११**

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कोसेली-पुरस्कार प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**वृष** : नोक्सानी, दुर्घटनाको भय, निरर्थक खर्च, विवादमा फसिएला।
**मिथुन** : पैसा लाभ, विविध सेवा वा वस्तुको प्राप्ति, मिष्ठान्न भोजन।
**कर्कट** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**सिंह** : राज्यबाट लाभ, राजनीतिक सफलता, प्रतिष्ठा वृद्धि, सुख।
**कन्या** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धनलाभ, सम्मान, परीक्षा आदिमा सफलता, समस्या समाधान।
**वृश्चिक** : द्रव्यलाभ, शत्रु विजय, खेलकुद-परीक्षामा सफलता।
**धनु** : कार्य सिद्धि, स्वस्थता, काममा जोश-जाँगर, सुख-सन्तोष।
**मकर** : झाडापखाला, ग्यास्ट्रिकको सम्भावना, विवाद, निरर्थक घुमफिर।
**कुम्भ** : आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापारमा सफलता।
**मीन** : धन लाभ, स्वस्थता, रोमान्टिक जमघट, रमाइलो वातावरण।

# नेपाल

{ जिल्लाका सामुदायिक विद्यालय, गुम्बा र निजी विद्यालयहरूमध्ये कतिपयले पोखरामा लगेर घुम्ती विद्यालय सञ्चालन गरिसकेका छन् भने, कतिपय विद्यालयहरूले अर्धवार्षिक परीक्षा लिएर पुष महिना शुरु भएसँगै विद्यालयमा हिउँदे बिदा दिएका छन्।

## हेलिकोप्टर लिएर मतदातालाई धन्यवाद



मोतीराम तिमल्सिना, काभ्रे

सम्पत्ति शुद्धीकरण अभियोगमा अनुसन्धान भइरहेकै बेला फोरम नेपाली कांग्रेसमा प्रवेश गरेपछि जिल्लाको प्रतिनिधिसभा क्षेत्र नम्बर १ को प्रदेशसभा २ बाट टिकट प्राप्त गरेका चर्चित डन गणेश लामा निर्वाचनमा भारी मतले पराजय ब्यहोरेपछि हेलिकोप्टर बोकेर मतदातालाई धन्यवाद दिन डाँडापारी पुगेका छन्।

निर्वाचनमा पराजय ब्यहोर्दा त हेलिकोप्टर लिएर गाउँ डुल्ने डन गणेश लामाले विजयी हुन कति रकम खर्च गरे होलान् ? स्थानीय मतदाताहरूले प्रश्न गरेका छन्। झण्डै ५ करोड खर्च गर्दा समेत निर्वाचनमा विजय हुन नसकेका लामाले पार्टीका पुराना र स्थापित नेताको टिकट खोसेको आरोप छ। माओवादी सशस्त्र द्वन्द्वका बेला गोली लागी घाइते भएका पनौतीका पुराना नेता तीर्थ पसखलले प्राप्त गरेको टिकट उम्मेदवारी दर्ता गर्ने दिनमै बालुवाटार पुगेर लामाले हात पारेका थिए। पार्टी सभापति शेरबहादुर देउवा निकट पसखललाई टिकट नदिएपछि गुण्डा भनेर चिनिने लामाको पक्षमा जनमत खस्किएको आरोप त्यतिबेलै लागेको थियो।

सोमबार बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्मका लागि रिजर्भ गरिएको हेलिकोप्टर एयरपोर्टबाट सीधै खानीखोला गाउँपालिकाको ताल्दुंगामा रोकिएको थियो। हेलिकोप्टरमा पूर्वसभापति शिवप्रसाद हुमागाईं, उम्मेदवार गणेश लामा र तीर्थ लामासहितका केही कार्यकर्तासमेत रहेका थिए। 'निर्वाचनमा पराजय भोग्दा समेत हेलिकोप्टर लिएर मतदातालाई धन्यवाद दिन पुगेका नेताहरूको सम्पत्तिको स्रोत के हो ?', साल्मेचाकलका स्थानीय हरि मगरले भने- 'त्यो खर्च विकास निर्माणमा लगाएको भए डाँडापारीको मुहार फेरिन सहयोग पुग्दथ्यो।'

डाँडापारी पुगेर नेताहरूले विगतका आश्वासनलाई पूरा गर्न प्रयास गर्ने बताए। निर्वाचनमा पर्याप्त मत नपाए पनि जनताको घरदैलोमा आएको बताए। डाँडापारीका १० गाविसका सबै बस्तीमा निर्वाचनअघि पुगे पनि निर्वाचनमा पराजय भोगेकाले केन्द्रिकृत कार्यक्रममा मात्रै सहभागी भएको नेताहरूले बताए। हेलिकोप्टर हेर्न स्थानीयको घुइँचो लागेको थियो।

## इलाममा अझै छैन अपांगता नागरिकको तथ्यांक

इलाम, (नेस)

एक्काइसौं शताब्दीको लोकतान्त्रिक गणतन्त्रको मार्गमा निरन्तर लम्किरहँदा अपांगता भएका नागरिकहरूको तथ्यांक इलाममा अझै छैन। राज्यभित्र बसोवास गर्ने अपांगता भएका नागरिकहरूको वास्तविक तथ्यांक नहुनु, भएको तथ्यांकमा पनि एकरुपता नहुनुजस्ता कारणले राज्यबाट प्रदत्त हक अधिकार सहजै प्राप्त गरी उपभोग गर्न बहुसंख्यक अपांगता भएका नागरिक वञ्चित भइरहेका छन्।

अपांगताको क्षेत्रमा काम गर्दै आएका सरकारी तथा गैरसरकारी कार्यालयले पनि जिल्लामा अपांगता भएका व्यक्तिहरूको तथ्यांक संकलन गरेको छैन। इलाममा अपांगताको क्षेत्रमा काम गर्दै आएको करुणा फाउन्डेसनले साविकका २७ वटा गाविसमा हेरचाहका लागि उत्प्रेणा कार्यक्रम सञ्चालन गरिरहेको छ। उसले पनि त्यही २७ गाविसमा भएका अपांगता भएका व्यक्तिहरूको मात्र तथ्यांक रहेको जनाएको छ। तर जिल्लाभर कति अपांगता छन् भन्ने बारेमा थाहा नभएको जनाएको छ। यस्तै अपांगता परिचयपत्र वितरण गर्दै आएको महिला तथा बालबालिका कार्यालयले पनि जिल्लामा अपांगता भएकाहरू कति छन् भन्नेबारेमा थाहा नभएको जनाएको छ।

यसैबीच स्थानीय तहमा अपांगता समन्वय समिति गठन गर्न थालिएको छ। प्रकाश चापागाईंको अध्यक्षतामा दश सदस्यीय इलामनगरस्तरीय अपांग समन्वय समिति समेत गठन गरिएको हो।

## चिसोसँगै सुनसान बने मुस्ताङका विद्यालय

नेपाल समाचारपत्र

पर्वत

अत्यधिक चिसो र हिउँ पर्न थालेपछि हिमालपारिको जिल्ला मुस्ताङका विद्यालयहरूले घुम्ती विद्यालय सञ्चालन गर्नुको साथै हिउँदे बिदा दिएका छन्।

जिल्लाका सामुदायिक विद्यालय, गुम्बा र निजी विद्यालयहरूमध्ये कतिपयले पोखरामा लगेर घुम्ती विद्यालय सञ्चालन गरिसकेका छन् भने, कतिपय विद्यालयहरूले अर्धवार्षिक परीक्षा लिएर पुष महिना शुरू भएसँगै विद्यालयमा हिउँदे बिदा दिएका छन्।

दैनिकीलाई नै प्रभावित गर्ने गरी हिउँ पर्न शुरू गरेपछि हरेक वर्ष मुस्ताङका विद्यालयहरूलाई बेंसीमा सार्ने गरिएको छ। मुस्ताङको उत्तरी भाग कोरला नाका आसपास रहेका छोसेर, छोनुप, सुर्खाङ, चराङ, मराङ, घमी र लोमान्थाङलगायतका ठाउँमा रहेका विद्यालयहरू भने गएको कात्तिक महिनामा नै बन्द हुने गरेका छन्। तल्लो मुस्ताङमा भन्दा उपल्लो मुस्ताङमा अत्यधिक चिसो बढ्ने र हिमपातले जनजीवनलाई पूर्णरूपमा प्रभावित पार्ने गरेका कारण मुस्ताङको उपल्लो क्षेत्रका विद्यालयहरू तल्लो मुस्ताङका विद्यालयहरूभन्दा झण्डै डेढ महिना अगाडिबाट नै बन्द हुने गरेको जिल्ला शिक्षा कार्यालय मुस्ताङका शाखा अधिकृत लक्ष्मण देवकोटाले जानकारी दिए।

उपल्लो मुस्ताङका १० वटा सामुदायिक विद्यालय र ८ ओटा गुम्बा विद्यालयले वर्षेनी पोखराका विभिन्न स्थानमा यही समयबाट ३ महिनाका लागि घुम्ती कक्षा सञ्चालन गरेर वैशाखमा मात्र मुस्ताङ फर्किने गरेका छन्। मुस्ताङका अन्य ३६ विद्यालयलाई भने २ महिना मात्र बिदा दिइन्छ। नेपाल सरकार दिने विभिन्न सार्वजनिक बिदामा समेत कक्षा सञ्चालन गरेर मंसिर मसान्तसम्म विद्यालयको परीक्षा सकेर हिउँदे बिदा हुने गरेको छ। मुस्ताङमा आधारभूत र माध्यमिक तह गरेर ५६ ओटा सामुदायिक विद्यालय र ८ ओटा गुम्बा विद्यालय सञ्चालनमा छन्। जसमध्ये १ देखि ३ कक्षासम्म पढाइ हुने १९ ओटा विद्यालय, १ देखि ५ सम्मका २३ ओटा विद्यालय, १ देखि ८ सम्मका ६ विद्यालय, १ देखि १० सम्मका ४ विद्यालय, १ देखि १२ सम्मका ३ विद्यालय र स्नातक तहको पढाइ हुने १ क्याम्पस छन्। त्यस्तै १ देखि ५ कक्षासम्म २, १ देखि ८ कक्षासम्म १ र १ देखि १० कक्षासम्म पढाइ हुने १ वटा गरेर ४ वटा निजी विद्यालय सञ्चालनमा छन्।

## सुमो दुर्घटनामा सात घाइते

नेपाल समाचारपत्र

हेटौंडा

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर-६, जुरिखेतमा यात्रुबाहक सुमो दुर्घटना भएको छ। हेटौंडाबाट काठमाडौं जाँदै गरेको टेम्पु तथा मझौला यातायातको ना१च १९३९ नम्बर सुमो बुधबार बिहान करिब साढे ८ बजे दुर्घटना भएको हो।

साँघुरो बाटोमा विपरीत दिशाबाट आइरहेको जिपलाई साइड दिँदा सुमो सडककाट करिब १ सय मिटर तल खसेको हो। दुर्घटनामा सुमोचालक सागर खड्कासहित यात्रु बिन्दा दाहाल, श्रृजना चौलागाईं, रुपा चौलागाईं, राजकुमार घलान, जीवन शाह र प्रकृति मानन्धर घाइते भएका छन्।

चालक खड्का र रुपा गम्भीर रहेको भीमफेदी स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत डा. अमरदीप मण्डलले बताए। जिल्ला प्रहरी कार्यालयका अनुसार घाइतेहरूको चुरेहिल अस्पताल हेटौंडामा थप उपचार भइरहेको हो।

इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक बोधप्रसाद यादवको नेतृत्वमा प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीयको सहयोगमा घाइतेलाई उद्धार गरिएको थियो। घटनास्थलमा भीमफेदी गाउँपालिका उपाध्यक्ष पार्वती राना तथा ६ नम्बर वडा अध्यक्ष सीताराम थापासमेत उद्धारमा खटिएका थिए।

## म्यादी प्रहरी ऐडीको अन्त्येष्टि

कालिकोट, (नेस)

प्रहरीको गोली लागेर मृत्यु भएका रास्कोट नगरपालिका-२ का विवेक ऐडीको बुधबार अन्त्येष्टि गरिएको छ। म्यादी प्रहरीको सेवा सुविधा प्रहरीले कम दिएको भन्दै विरोध ऱ्यालीका क्रममा शुक्रबार प्रहरीले गोली चलाउँदा म्यादी प्रहरी ऐडीको मृत्यु भएको थियो।

जिल्लास्थित राजनीतिक दल, जनप्रतिनिधि, प्रशासनलगायतको सर्वपक्षीय टोलीले मृतक ऐडीका परिवारलाई भेटेर घटनामा दोषीलाई कारबाही गर्न पहल गर्ने, शहीद घोषणा गर्ने, राहतको व्यवस्था गर्नका लागि सशक्त पहल गर्ने प्रतिबद्धता जनाएपछि लासको अन्त्येष्टि गरिएको हो।

नेपाल सरकारबाट आएको उच्चस्तरीय छानबिन समिति, क्षेत्रीय प्रशासन कार्यालयसँग समझदारीका आधारमा लासको पोस्टमार्टम भने पुस ११ गते अस्पताल कालिकोटमा भएको थियो।

राजनीतिक दलको प्रतिबद्धतापछि आफूहरूले शव बुझेर अन्त्येष्टि गरिएको मृतकका बाबु हरिबहादुर ऐडीले बताए ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**मोटरसाईकल हरायो**

मिति २०७४/८/२ गते बनेपाको सिद्धार्थ कलेज अगाडी पार्कीङ गरेर राखेको अवस्थामा बा ८८ प ४९६६ नम्बरको निलो रङको २२० सिसि बजाज पल्सर इन्जिन नं. DKYCHE 43966 र च्यासिस नं. :D2A13EY8HCE53789 भएको मोटरसाईकल हराएको हुदा फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

मोवाईल नं. : ९८१८१०७३९८

**मार्कसिट हराएको सुचना**

मिति २०७४/०९/३ गतेका दिन मेरो १८ महिने अनमिको मार्कसिट सुन्धारा देखी कितिपुरसम्म जाँदै गर्दा हराएको र फेला नपरेकोले फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहन अनुरोध गर्दछु।

सुमित्रा सिंह
कितिपुर काठमाडौ
९८४७८५२४२८

**माइग्रेशन हरायो**

मिति २०७०/०५/०३ गते बडसार देखी परासी जादा मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगाना मा बुझइ दिनुहुन अनुरोध गर्दछु।

नाम :मनोज गुप्ता
मायग्रशन सर्टिफिकेट नं : ६८४८१६०५४
ठेगाना : नवलपरासी , वडहरा दुवौलया- २

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५



## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**



## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● धुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, पुस
बिहिबार
१३

सामाजिक कुरीतिका रुपमा रहेको छाउपडी गोठमुक्त अभियान थालिएको कर्णालीमा छाउगोठमुक्त अभियानकी अभियान्त दमिला शाहीले बताइन्।

# नेपाल

## सम्झौताभित्र पुनर्निर्माणको काम नहुँदा विमान उड्ने अनिश्चित

शिवहरिप्रसाद भट्टराई, राजविराज

वर्षौंदेखि अलपत्र अवस्थामा रहेको राजविराज विमानस्थल एक वर्षभित्र पूर्णरूपमा सञ्चालनमा ल्याउने गरी निर्माण कार्य अघि बढाइए पनि अपेक्षाअनुसार काम हुन नसक्दा तोकिएको समयसीमाभित्र कार्य सम्पन्न हुन सकेन।

मंसिर मसान्तभित्र सक्नुपर्ने विमानस्थल धावनमार्गको निर्माण कार्य समयसीमा पार गर्दा पनि सम्पन्न हुन नसक्दा स्थानीयवासी निराश भएका छन्। राजविराज विमानस्थलको कच्ची धावनमार्गका कारण विगत नौ वर्षदेखि यहाँ हवाइ सेवा सञ्चालन हुन सकेको छैन। ३० करोड ३० लाख ७४ हजार ५ सय २८ रुपियाँ (भ्याटसहित) को लागतमा शुरू गरिएको धावनमार्ग ग्राभेल र पिच गर्ने कामको राजधानीका कान्छाराम एन्ड रौहतास कन्ट्रक्सन कम्पनीले ठेक्का पाएको छ।

२०७३ मंसिर ८ गतेदेखि शुरू भएको काम २०७४ मंसिर मसान्तसम्म सम्पूर्ण कार्य सम्पन्न गर्ने म्याद रहे पनि वर्ष दिन पार गरिसक्दा पनि पिचको काम अझ शुरू हुन सकेको छैन। कुल १ हजार ५ सय मिटर लामो तथा ३० मिटर चौडा पक्की धावनमार्ग, ६० मिटर चौडा र ९० मिटर लामो एप्रोन तथा १ सय ५ मिटर लामो र २० मिटर चौडा ट्क्यासी वे मा माटो, ग्राभेल, सबबेस र घेरबारको कार्य सकिए पनि पिचको काम अझ शुरू हुन सकेको छैन।

वर्ष दिन बित्दा पनि निर्माण कार्यले गति लिन नसकेकोमा चिन्ता व्यक्त गर्दै सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष अरुण प्रधानले यसलाई तीव्रता दिनुपर्ने माग गरिएको बताए। उनले भने- 'गएको असोज-कात्तिकमै यसको निर्माण कार्य पूरा हुनुपर्ने थियो, तर गति लिन नसक्नु चिन्ताको विषय हो।'

विमानस्थलको स्तरोन्नतिपछि नियमित विमान सेवा शुरू हुने र जिल्लाको विकासमा समेत सकारात्मक परिवर्तन आउने आशमा बसेका सप्तरीवासी निर्माण 'कार्यमा भइरहेको ढिलाइले निराश भएका छन्। त्यसैले अब ढिलाइ गर्नुहुन्न बाँकी काम तीव्र गतिमा अघि बढाउनुपर्छ' -उनले भने।

विमानस्थलसम्म पुग्ने ९ सय मिटर सडक खण्ड र कार्यालय भवन पनि अत्यन्त जीर्ण भएकाले धावनमार्गसँगै त्यस्ता संरचनाको पनि जीर्णोद्धार गर्नुपर्ने उनको भनाइ छ।



पूर्व जिल्ला विकास समिति सप्तरीका सभापति सचिन्दर यादवले राजविराज विमानस्थल सप्तरीको मात्र नभई सगरमाथा अञ्चलकै विकासको लागि महत्त्वपूर्ण हुने हुँदा यसको अविलम्ब निर्माण कार्य सकाई सञ्चालनमा ल्याउनुपर्ने बताए।

कामको ठेक्का पाएका कान्छाराम एन्ड रौहतास कन्ट्रक्सन कम्पनीका इन्जिनियर जितेन्द्र यादवले निर्माण कार्य केही सुस्त भएको स्वीकार्दै यसका लागि मधेस आन्दोलन, निर्वाचन र मौसम कारक भएको बताए। उनले भने- 'मधेस आन्दोलनका क्रममा बन्द हड्ताल निर्माण सामग्री र उपकरण ओसारपसारमा समस्या भयो, त्यसपछि गत साउनको अन्तिम साताको बाढीले पनि समस्या पाऱ्यो।' यतिमात्र होइन स्थानीय तह र प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनले पनि निर्माण कार्यलाई प्रभावित बनायो।

इन्जिनियर यादवले पिचिङको काम शुरू गर्न २० डिग्रीभन्दा माथिको तापक्रम उपयुक्त हुने र अहिले १० देखि १२ डिग्रीसम्म मात्र भएकाले पिचिङ टिकाउ नहुने भएकाले केही पर्खेर काम थालने योजना रहेको बताए। आफूहरू फागुन-चैत्र महिनाभित्र काम सक्नका लागि प्रयासरत रहेको जनाउँदै उनले भने- 'पिचिङका लागि फागुन-चैत्रको महिना र समय उपयुक्त हुन्छ, हामी त्यस अवधिभित्रै काम पूरा गर्छौं।'

सप्तरी सदरमुकाम राजविराजसँग टाँसिएका विष्णुपुर गाउँपालिकामा अवस्थित राजविराज विमानस्थलको २०१६ सालमा तत्कालीन उद्योगमन्त्री गणेशमान सिंहद्वारा शिलान्यास गरिएको थियो। त्यसपछि पटक-पटक विमान सेवा सञ्चालनमा आए पनि धावनमार्ग पक्की नहुँदा सेवा बन्द हुँदै आएको छ।

## एउटै व्यक्ति चार ठाउँमा पदाधिकारी

कुमार श्रेष्ठ, बाँके

बैजनाथ-८, बेलडाँडीकी विन्दुकुमारी सुनार ७ वर्षअघिसम्म बाहिरका व्यक्तिसँग बोल्न डराउनुहुन्थ्यो। घर परिवारभन्दा बाहिर निस्किनुभएको थिएन।

गाउँमा चाँदनी दलित महिला समूह गठन भएपछि सुनार त्यसमा बस्नुभयो। पछि बेलडाँडीमै संघर्ष दलित महिला समूह गठन हुँदा सुनार अध्यक्ष हुनुहुभयो। समूहमा बसेपछि सुनारले विभिन्न तालिममा भाग लिनुभयो। अधिकारका सवालहरू पहिचान गर्नुभयो। विभिन्न समिति संरचनाहरूमा बसेर आफ्नो र समुदायको हक अधिकारका लागि लड्न सिक्नुभयो।

सुनार यतिबेला संघर्ष दलित महिला समूहको अध्यक्षसँगै स्थानीय भगवती माविको विद्यालय व्यवस्थापन समितिको सदस्य, भगवती सामुदायिक वन उपभोक्ता समितिको सदस्य र त्रिपुरा महिला विकास बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष हुनुहुन्छ। आठ कक्षा पढेकी सुनारले यतिबेला गाउँमा हुने छुवाछूत विभेद, घरेलु हिंसा र झैझगडाहरू मिलाउने काम गर्नुहुन्छ। 'घर झगडाका धेरै घटनाहरू आउँछन्, हामीले मिलाएर पठाइदिन्छौं' -सुनारले भन्नुभयो।

बाहिर बोल्नै नसक्ने सुनारले यतिबेला गाउँपालिकामा 'पर्पोजल' हालेर विभिन्न तालिमहरू गरिरहनुभएको छ। दलित महिलाहरूलाई संगठित गरेर हक अधिकारका साथै सीपमूलक तथा आयआर्जनका गतिविधि गरिरहनु भएको छ। 'धेरै ठाउँमा बसेकी छु। घरको काम पनि मिलाउनु पर्छ' -सुनारले भन्नुभयो। संघर्ष दलित महिला समूहमा ३० जना आवद्ध छन्।

चाँदनी दलित महिला समूह, चौफेरीकी अध्यक्ष खिमसरा विकले समूहमा बसेपछि नेतृत्व विकास भएको बताउनुभयो। 'बाहिर बोल्नै सक्दिनथें, अहिले बोल्न सक्ने भएकी छु', अध्यक्ष विकले भन्नुभयो- 'अहिले वडा कार्यालयमा गएर आफ्नो समूहका लागि बजेट छुट्याउन माग गरेका छौं।' उहाँले स्थानीय निकायबाट पैसा ल्याएर मैनबत्ती, कडाइ तालिम सञ्चालन गरेको बताउनुभयो।

बैजनाथको पिपिरीमा रहेको लक्ष्मी दलित महिला समूह, खजुरा-५, उढरापुरको सगरमाथा दलित महिला समूहले पनि नियमित बचत गर्नेदेखि स्थानीय निकायमा बजेट मागेर सीप र आयआर्जनमूलक गतिविधि गर्न अघि सरेका छन्। तराईका दलित महिलाहरू सम्मिलित रहेको सगरमाथा दलित महिला समूहकी अध्यक्ष सरस्वती पासीले बालविवाह, नागरिकता, घरेलु हिंसाविरुद्धमा गतिविधि गरिरहेको बताउनुभयो।

दलित महिलालाई यसरी अगाडि ल्याउन भने दलित महिला संघ (फेडो) ले मिहिनेत गरेको छ। पछिल्लो समयमा फेडोले यी चार समूहका दश/दश जना महिलालाई बाख्रा प्रदान गरेको छ। फेडोकी अध्यक्ष निर्मला सुनारले नेतृत्व विकास, आर्थिक सशक्तीकरण, तालिम र राज्यका हरेक निकायमा समान सहभागिताका लागि गतिविधि गरिरहेको बताउनुभयो। फेडोले जिल्लाभरमा ५३ वटा यस्ता महिला समूह बनाएको छ। तीन वटा गाउँपालिका स्तरीय सञ्जाल बनाएको छ।

### सात जना जनप्रतिनिधि

समूहमा बसेर सशक्तीकरण र हक अधिकारका सवाल बुझेका महिलाहरू स्थानीय निकायको चुनावमा पनि अगाडि आएका छन्।

बाँकेमा सात जना दलित महिला स्थानीय निकायमा जनप्रतिनिधि बनेका छन्। आठ जनाले चुनाव हारेका छन्। 'हाम्रै समूहमा बसेर क्षमतावान् बनेका सात जना महिलाले स्थानीय निकायमा चुनावमा जितेका छन्', फेडोकी अध्यक्ष सुनारले भन्नुभया- 'आठ जना चुनाव लडेर पराजित भएका छन्।'

आफ्नो हक अधिकारका लागि आफैं अगाडि बढ्नुपर्छ भन्ने कुरा समूहमा बसेर महिलाले सिकेका छन्। लक्ष्मी दलित महिला समूहकी सदस्य कुश्मा सुनारले वडा सदस्य जित्न नसक्दा आफूले सोचेका कुरा पूरा गर्न नसकेको बताउनुभयो। ऐलानी जग्गामा बस्ने पिपिरीका दलितले भोगेका विविध समस्या समाधान गर्न कुश्मा राजनीतिमा अगाडि आउनुभएको थियो।

## छाउपडी प्रथाविरुद्ध महिला अभियान

कालिकोट, (नेस)

जिल्लाको खाडाचक्र नगरपालिका साविकको पाँखा गाविसलगायत विभिन्न गाउँका महिलाहरूले छाउपडी गोठमुक्त अभियानलाई तीव्र परेका छन्।

एक्सनवक्स नेपालको र विग्रुपको सहयोगमा स्थानीय महिलाहरूले अभियान थालेका हुन्। छाउगोठमुक्त अभियानअन्तर्गत बुधबार साविकको पाँखा गाविस भवन परिसरमा छाउपडी प्रथाको अन्त्य गर्न चेतनामूलक सडक नाटक गरिएको स्थानीय सहजकर्ता अविसरा विष्ट अधिकारीले बताएकी छन्।

उनका अनुसार खाडाचक्र नगरपालिका वडा नम्बर ८,९ र १० लाई लक्षित गरी सडक नाटक, विभिन्न चेतनामूलक कार्यक्रमसहितको अभियान थालिएको हो।

कर्णाली क्षेत्रका विभिन्न जिल्ला र गाउँमा सामाजिक कुरीतिका रूपमा रहेको छाउपडी गोठमुक्त अभियान थालिएको कर्णालीमा छाउगोठमुक्त अभियानकी अभियान्त दमिला शाहीले बताइन्। उनले स्थानीय सहजकर्ताहरूले वडाका प्रत्येक टोल-टोलमा पुगेर छलफल, अन्तरक्रिया गर्दै गाँउ, टोल र वडालाई छाउपडी गोठमुक्त बनाउने अभियान चलाइरहेको जानकारी गराइन्।

अहिलेको जमानामा पनि कर्णालीजस्ता विकट क्षेत्रमा छाउपडी कुरीतिका रूपमा रहेको महिला तथा बालबालिका कार्यालय कालिकोटका प्रमुख सविता राणाले बताइन्।

**नेपाल रेडक्रस सोसाइटी, भक्तपुर जिल्लाशाखा**
दुधपाटी, भक्तपुर, फोन नं : ०१६६१२२६६,०१६६११६६१

**लोगो डिजाइन गर्ने सम्वन्धी सुचना**

**प्रथम पटक प्रकाशीतमिति २०७४/०९/१३**

नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्लाशाखाको **स्वर्ण जयन्तीवर्ष** २०७४/०७५को अवसरमा रक्तसंचार सेवा, एम्बुलेन्स सेवा, विपद् व्यवस्थापनतथा सामुदायिकविकास सम्वन्धि रेडक्रसका गतिविधिहरु प्रतिबिम्बितहुने गरीलोगो तयार गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म,संस्थावा कम्पनीबाट यो सुचना प्रकाशीत भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयमा लोगो डिजाइन गरी पेश गर्नुहुन यो सुचना प्रकाशीत गरिएको छ । छनौट गरिएको उत्कृष्ट लोगोलाई पुरस्कार सहित सम्मान गरिने कुरा पनिजानकारी गराउदछौ ।

**नेपाल सरकार**
**सिंचाइ मन्त्रालय**
**जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग**
**जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.१७**
**वीरेन्द्रनगर, सुर्खेत**
**प्रकाशित मिति : २०७४/९/१३**
**बिषय : धरौटी सदर स्याहा सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा देहायमा उल्लेखित फर्म तथा उपभोक्ता समितिहरुको यस कार्यालयमा रहेको बिभिन्न आ.ब. को प्रयोजन समाप्त भईसकेको धरौटी रकम आर्थिक कार्यविधि नियमावली २०६४ नियम ६६(२) अनुसार तोकिएको समयभित्र फिर्ता को लागि निवेदन दिनुपर्नेमा सो सम्बन्धमा हालसम्म पनि कुनै निवेदन नदिएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा सम्पर्क राखी धरौटी फिर्ताको लागि निर्माण व्यवसायी तथा परामर्शदाताले कर समायोजनको पत्र साथै अन्य आवश्यक कागजात सहित र उपभोक्ता समितिको हकमा उपभोक्ता समितिको निर्णय प्रतिलिपी पेश गरी यस कार्यालयमा निवेदन दिनुहुन जानकारी गराईन्छ । अन्यथा सोही नियमावलीको नियम ६६ (३) बमोजिम उक्त धरौटी रकम सदर स्याहा गरी सरकारी राजस्वमा दाखिला गरिने व्यहोरा जानकारी गराईन्छ । यस सम्वन्धमा अन्य जानकारी लिनु परेमा कार्यालयको लेखा शाखाको फोन नं ०८३५२१४५९ मा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।

**तपसिल :**

| सि.नं. | नाम र ठेगाना | सि.नं. | नाम र ठेगाना |
|---|---|---|---|
| १. | गमगाड खोला न नि कार्य मुगु | २. | खापरदेवता न नि कार्य मुगु |
| ३. | घाघरकुना नि कार्य मुगु | ४. | कर्णाली न नि कार्य मुगु |
| ५. | थामलेखोला नि कार्य मुगु | ६. | कर्णाली नि कार्य रुगा मुगु |
| ७. | जिउला र झाकोट वस्ती संरक्षण कार्य मुगु | ८. | बरामखोला नि कार्य जिमा ६ मुगु |
| ९. | गिलाहाखोला नि कार्य मुगु | १०. | घट्टेखोला नि कार्य धैनकोट मुगु |
| ११. | बाढीपहिरो नि कार्य सुकाढिक मुगु | १२. | पहिरो नि कार्य रुगा १ मुगु |
| १३. | काठघारी कालापातल प नि कार्य मुगु | १४. | गमगडी हुलमखोला नि कार्य श्रीनगर मुगु |
| १५. | तिर्पगाड तटवन्धन कार्य रुगा १ मुगु | १६. | नाकेखोला नि कार्य रुगा ४ मुगु |
| १७. | तलिलेख डाडाखेत नि कार्य रोवा ४ मुगु | १८. | गोठीखोला तटवन्ध नाथर्पु ५ मुगु |
| १९. | सुकाखोला नि कार्य मेहेलमुडी १ | २०. | कर्णाली न नि कार्य नाथर्पू ३ मुगु |
| २१. | तातापानी वजार संरक्षण कार्य सेरी ८ ९ मुगु | २२. | इमिलेनी खोला निकार्य डाडागाउ ३ जाजरकोट |
| २३. | होलुखोला नि कार्य जाजरकोट | २४. | अधेरीखोला नि कार्य सक्ला २ जाजरकोट |
| २५. | जाटखोला घट्टेखोला नि कार्य जाजरकोट | २६. | सरस्वती नि मा वि प नि उ स झाप्रा जाजरकोट |
| २७. | दुधेशिला निर्माण सेवा कालिकोट | २८. | वालीघाट न नि कार्य कालिकोट |
| २९. | जगदीश निर्माण सेवा, कालिकोट | ३०. | सिम पहिरो नि कार्य कालिकोट |
| ३१. | रश्मी निर्माण सेवा, कालिकोट | ३२. | सारसाले संरक्षण उ स नानीकोट कालिकोट |
| ३३. | कमल निर्माण सेवा, कालिकोट | ३४. | खाराखोला न नि कार्य बदालकोट कालिकोट |
| ३५. | सेलमुटाव पहिरो नि कार्य कालिकोट | ३६. | कर्णाली न नि कार्य रंगेली कालिकोट |
| ३७. | भुडावगर न नि कार्य कालिकोट | ३८. | सिम र सुनार खोला नि कार्य मान्म ४ कालिकोट |
| ३९. | गैराखोला नि कार्य कालिकोट | ४०. | घट्टेचौर नि कार्य थिर्पु कालिकोट |
| ४१. | चैराख्नेखोला नि कार्य जुविधा कालिकोट | ४२. | आसिकाना न नि कार्य मान्म ४ कालिकोट |
| ४३. | आर्दश इन्जिनियरिङ कन्सल्टेन्सी काठमाण्डौ | ४४. | टेक्नोकयाट कन्सल्टेन्सी प्रा लि काठमाण्डौ |
| ४५. | आजाद इन्जीनियरिङ कन्सल्टेन्सी काठमाण्डौ | ४६. | नयाँ राष्ट्रिय इन्जिनियरिङ कन्सल्टेन्सी ज्वागल, ललितपुर |
| ४७. | सान इन्जिनियरिङ कन्सल्टेन्सी काठमाण्डौ | ४८. | डिप्लोम्याटीक इन्जिनियरिङ कन्सल्टेण्ट प्रा लि ज्वागल-१०,ललितपुर |
| ४९. | यती कन्स्ट्रक्शन हेटौडा | ५०. | होम इन्जिनियरिङ कन्सल्टेन्ट प्रा लि ज्वागल-१०,ललितपुर |
| ५१. | राजदेवी कन्सल्टेन्सी शंखमुल, काठमाण्डौ | ५२. | क्रियटिभ इनजनियरिङ कन्सल्टेन्सी काठमाण्डौ |
| ५३. | रितु कन्सल्टेन्ट वानेश्वर, काठमाण्डौ | ५४. | मेह कन्सल्टेन्ट प्रा लि काठमाण्डौ |
| ५५. | एभरेष्ट इन्जिनियरिङ कन्सल्टेन्ट वानेश्वरहाइट,काठमाण्डौ | ५६. | अभिकल्प इन्जिनियरिङ कन्सल्टेन्ट श्रीनगरमार्ग-३४, काठमाण्डौ |
| ५७. | नेपाल इन्फास्ट्रक्चर डेभलपमेन्ट तिनथाना-२, काठमाण्डौ | ५८. | इनफास्ट्रक्चर डेभलपमेन्ट, काठमाण्डौ |
| ५९. | इन्टिग्रेटेड डेभलपमेन्ट कन्सल्टेन्ट गौरीघाट,काठमाण्डौ | | |

**डिभिजन प्रमुख**

## सुत्केरीको मृत्यु

खोटाङ, (नेस)

खोटाङको हलेसी तुवाचुङ नगरपालिका-५ दुर्छिमका सुत्केरी पद्मा राई मगरको अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको छ। उक्त नगरका बुद्धचोक बखुम निवासी २८ वर्षीया राईले दुर्छिम स्वास्थ्यचौकीमा बच्चालाई जन्म दिए पनि अधिक रक्तश्रावका कारण मृत्यु भएको जिल्ला अस्पताल खोटाङका प्रमुख डा. रामबहादुर केसीले बताउनुभयो।

सुत्केरी व्यथा लागेपछि आइतबार स्वास्थ्य चौकीमा भर्ना गरिएकी राईको सोही रात साढे १२ बजे ज्यान गएको हो। अधिक रक्तश्रावका कारण स्वास्थ्यमा गम्भीर समस्या देखिएपछि अन्यत्र लैजाने तयारीकै क्रममा सुत्केरीको मृत्यु भएको हलेसी तुवाचुङ नगरपालिकाका मेयर इवन राईले बताउनुभयो।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं ।
फोन नं.: ०१-४२५४२७१

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति : २०७४/०९/१३

यस आ.व. ०७४/७५ को स्वीकृत कार्यक्रम **स्वास्थ्य प्रबर्धन मेरो वर्ष २०७४, म स्वस्थ, मेरो देश स्वस्थ प्रबर्धन कार्यक्रम सम्बन्धी प्राईभेट टेलिभिजनबाट सन्देश प्रसारण** गर्नको लागि मिति २०७४/५/२८ मा सार्वजनिक सूचना प्रकाशन गरि बोलपत्र आब्हान गरिए अनुसार दाखिला हुन आएका बोलपत्रहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ अनुसार मूल्यांकन गर्दा, **श्री मिडिया बास्केट प्रा.लि.**ले कबोल गरेको मु.अ.क.बाहेकको प्रति ईकाइ दर रू. १,४७०/- र मू.अ.क. सहित कूल मूल्य रू.७९,०६,८३६/- को बोलपत्र सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्यांकन देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# विश्व



**सेल्फी विवाद**

अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पले क्रिसमसको बिदामा पोस्ट गरेको सेल्फी। उक्त तस्वीरलाई लिएर अमेरकी सामाजिक सञ्जालमा व्यापक बहस चलेको छ। आलोचकहरूले मेलानियाले आफूलाई मोडलका रूपमा प्रस्तुत गर्न खोजेको बताएका छन्।



**उपयोग**

भारतको एक सडकमा ट्रली जोडेको आफ्नो मोटर साइकलमा परिवार घुमाउँदै एक भारतीय।



## ठाकुर मुख्यमन्त्री

हिमाचल, (एजेन्सी)



भारतको हिमाचल प्रदेशको तेह्रौं मुख्यमन्त्रीका रूपमा जयराम ठाकुरले बुधबार पदको शथप लिएका छन्। डाक्टर यशवन्त सिंह परमार, रामलाल ठाकुर, वीरभद्र सिंह, शान्ता कुमार र प्रेमकुमार धुमलपछि मुख्यमन्त्रीको कुर्सीमा बस्ने उनी छैंठौं राजनेता हुन्। हालै सम्पन्न राज्यको विधानसभा चुनावमा ठाकुर मन्डी जिलाको सिराज सिटबाट विधानसभाका लागि निर्वाचित भएका हुन्। जयराम ठाकुरको जन्म मन्डीको ताँडी गाउँको एक आम परिवारमा सन् १९६५ जनवरी ६ मा भएको थियो। उनले कलेज जीवनदेखि नै राजनीतिक यात्रा शुरू गरेका थिए। उनले सन् १९९८ को विधानसभा चुनावमा पहिलो पटक जित हासिल गरेका थिए।

## नेपाल ८८औं स्थानमा

जेनेभा, (एजेन्सी)

वर्ल्ड इकोनोमिक फोरमले सन् २०१७-२०१८ को विश्वका १ सय ३७ राष्ट्रको वार्षिक प्रतिस्पर्धात्मक आर्थिक वृद्धिको सूची जारी गरेको छ। मञ्चले जारी गरेको प्रतिवेदनमा सन् २०१७ को विश्वको कुल गार्हस्थ्य उत्पादन ३ दशमलव ५ प्रतिशतले वृद्धि भई उत्साहजनक सुधारको संकेत देखाएको उल्लेख गरेको छ। उक्त विश्वव्यापी प्रतिस्पर्धात्मक सूचीमा स्विजरल्यान्ड पहिलो, अमेरिका दोस्रो र सिंगापुर तेस्रो स्थानमा रहेका छन्। १ सय ३७ देश सूचीकृत गरिएको यस सूचीमा नेपाल ८८औं स्थानमा परेको छ। यसअघि ९८औं स्थानमा रहेको नेपाल १० स्थान माथि उक्लन सफल भएको छ। त्यसै गरी भारत ४०औं र चीन २७औं स्थानमा रहेका छन्।

## दुई कोरियालीमाथि अमेरिकी नाकाबन्दी

वासिङ्टन, (एजेन्सी)

अमेरिकाले आणविक क्षेप्यास्त्र विकासको नेतृत्व गरेका दुई उत्तर कोरियाली अधिकारीलाई नाकाबन्दीको सूचीमा राखेको छ। अमेरिकी कोषले उत्तर कोरियाको ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमका दुई प्रमुख नेता किम जोङ सिक र रि प्योङ-चोलमाथि उक्त कारबाही गरेको हो।

अन्तर महादेशीय क्षेप्यास्त्र परीक्षण गरेकै कारण संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले शुक्रबार उत्तर कोरियामाथि नाकाबन्दी लगाएको थियो। नयाँ नाकाबन्दी कदमअनुसार किम र रिको कुनै पनि सम्भावित अमेरिकी सम्पत्ति रोक्का हुने भएको छ।

उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनका अत्यन्तै विश्वासिला मानिने यी दुवै व्यक्ति नियमित रूपमा क्षेप्यास्त्र परीक्षणका बेला किमसँगै तस्वीरमा देखिने गरेका छन्।

यसैबीच बुधबार दक्षिण कोरियाली सरकारले आफ्नो देशमा भागेर आएका कम्तीमा चार जना उत्तर कोरियालीमा रेडियोधर्मी विकिरणको संकेतहरू देखिएको दाबी गरेको छ। तर अनुसन्धानकर्ताहरूले तिनीहरूको यस समस्याको प्योङयाङको आणविक हतियार कार्यक्रमसँग सरोकार रहेको वा नरहेको यकिन गर्न सकेका छैनन्।



# चीन सीसीटिभीको निगरानीमा

बेइजिङ, (एजेन्सी)

चीनको सडकमा तपाईं निस्कनुभयो भने तपाईंका सबै गतिविधि सीसीटिभी क्यामराको निगरानीमा हुनेछ। केही मिनेटभित्रै प्रहरीले तपाईंको विषयमा सबै कुरा पत्ता लगाइसक्नेछ।

चीनले विश्वका सबैभन्दा ठूलो र सबैभन्दा जटिल भिडियो सर्विलेन्स नेटवर्क बनाइरहेको छ। चीनले हाललाई १४ करोड सीसीटिभी क्यामरा देशभरि जडान गरिसकेको छ। यसले देशका १ अर्ब ३० करोड नागरिकमाथि निगरानी राख्ने काम गरिरहेको छ।



आगामी तीन वर्षमा देशव्यापी ४० करोड सीसीटिभी क्यामरा थप जडान गर्ने योजनामा काम भइरहेको छ। तीमध्ये कयौं क्यामरा आर्टिफिसियल इन्टेलिजेन्स टेक्नोलोजीमा आधारित छन्। अर्थात् ती क्यामराले अनुहार पहिचान गर्न सक्छ, व्यक्तिको उमेर अन्दाज गर्न सक्छ।

क्यामराले दृश्य कैद गर्ने मात्र नभई क्यामरामा देखापरेका व्यक्ति पुरुष वा महिला पनि छुट्याउन सक्छ। यसले व्यक्तिको नस्ल पनि खुलाउन सक्छ। यसले सरकार सीसीटिभीको निगरानीमा परेका व्यक्तिको तस्वीरबाट उसको पहिचान गर्ने दस्तावेज र अन्य जानकारीसम्म पुग्न सक्छ र उसको गतिविधिमा निरन्तर निगरानी राख्न सक्छ।

सीसीटिभी प्रणालीले कुनै अनुहारलाई संदिग्धका रूपमा पहिचान गरेमा त्यसले एक कन्ट्रोल रुमसम्म त्यसको सूचना पठाउँछ र त्यसको जानकारी प्रहरीसम्म पुग्छ। बीबीसीका संवाददाता जोन सुडोर्थले चीनको गुयांग शहरमा उक्त सीसीटिभी सिस्टमको क्षमता बुझ्नका लागि एक प्रयोग गरेका थिए। उनको यो प्रयोग शुरू भएको सात मिनेटमा प्रहरी उनी भएको ठाउँमा पुगिसकेको थियो।

चीनको हांगजोस्थित एक कम्पनी दाहुआ टेक्नोलोजीका उपाध्यक्ष यिन जुनले भने- 'हामी तपाईंको गाडीबाट तपाईंको अनुहार पहिचान गर्न सक्छौं। तपाईंको नातेदार र तपाईं कसको सम्पर्कमा रहनुभएको छ, उसको पहिचान गर्न सक्छौं। यदि धेरै क्यामरा लगाइएको छ भने, तपाईं कोसँग प्रायः भेट्नुहुन्छ, तिनीहरूको बारेमा पनि बताउन सक्छौं।'

सरकारले यसलाई अपराध नियन्त्रणका लागि प्रभावकारी हुने बताइरहेको भए पनि आम नागरिकमा यसप्रति गुनासो र चिन्ता रहेको देखिन्छ। यदि प्रहरीको मानसिकता परिवर्तन नहुने हो भने सरकारप्रति फरक विचार राख्नेहरूप्रति निगरानी बढ्न सक्छ। ह्युमन राइट्स वाचजस्ता मानवअधिकार संगठनले भने चीनको डाटा संकलन नीतिलाई प्राइभेसीको उल्लंघन बताएका छन्।

## बिरामीको उद्धार

दमास्कस, (एजेन्सी)

सिरियाको राजधानी दमास्कस नजिकको लडाकू नियन्त्रित क्षेत्रबाट चार जना सिकिस्त बिरामीलाई अन्य सुरक्षित स्थलमा सारिएको बुधबार स्थानीय सञ्चार माध्यमले जनाएको छ। सिरियन अरब रेड क्रेसेन्ट र इन्टरनेसनल कमिटी अफ रेडक्रस टोलीले तिनीहरूलाई मंगलबार राति इस्टर्न घोउटाबाट उद्धार गरेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।

अन्य सयौं बिरामीलाई पनि तत्काल सहयोगको आवश्यक परे पनि केही दिनपछि अन्य २५ जनालाई पनि उद्धार गरिने भएको छ। सन् २०१३ देखि त्यहाँका करिब ४० हजार बासिन्दा लडाकूहरूको नियन्त्रणमा रहेका छन्।


## Invitation for Bids

Government of Nepal (GoN)

***Ministry of Health, Sub Regional Hospital, Dadeldhura, Nepal***

**Invitation for Bids for the Procurement of**

**Hospital Equipment (Lab equipment, Endoscopy And Oxygen Generator, Plant and Pipelines)**

Contract Identification No: SRH/NCB/GOODS/03/074/75

**First Date of publication: 28th December, 2017**

1. Government of Nepal has allocated the fund and intends to apply part of the funds to cover eligible payments under the Contract for the **purchase of Hospital Equipment (Lab equipment, Endoscopy And Oxygen Generator, Plant and Pipelines)** for Sub Regional Hospital, Dadeldhura, Nepal.
2. Sub Regional Hospital, Dadeldhura, Nepal invites sealed bids from eligible and qualified bidders for the procurement of Supply, Delivery, Installation, Testing & Commissioning of **Hospital Equipment (Lab equipment, Endoscopy And Oxygen Generator, Plant and Pipelines)** per the specification enclosed with the bidding document.
3. Bidding will be conducted through the National Competitive Bidding (NCB) procedures as specified in GoN Public Procurement Act 2063 and is open to all eligiblebidders.
4. Interested eligible Bidders may obtain further information and inspect the bidding documents from Sub Regional Hospital, Dadeldhura, Nepal at normal office hours.
5. Bidders can download complete set of tender document from ***https://bolpatra.gov.np/egp/,*** prepare their bids and submit their electronic bids as specified in the instructions to the bidder. To submit the bids, the bidder should be required to deposit the cost of bidding document of **NRs 5000.00** in the **account Code No 74-370-03 Dadheldhura Sub Regional Hospital, Revenue Heading No. 14227, Account Number 1-1-001 of Rastriya Banijya Bank Dadeldhura Branch.**
6. The bid is a single slice package and bidder must bid all items in a single package. There is no provision of selecting individual items, only the total price of all items quoted will be considered as the bid amount.
7. Bidder may submit their bids electronically through e-procurement section in the PPMO website ***https://bolpatra.gov.np/egp*** before **12:00 PM, 28th January, 2018** the deadline an as specified in the instruction to bidders. Bidders shall be required to deposit the cost of bidding document as specified above in the mentioned account number of Dadheldhura Sub Regional Hospital at Rastriya Banijya Bank, Dadheldhura branch and electronic scanned copy (pdf format) of the bank deposit voucher / tele transfer receipt shall also be submitted along with the electronic bid files. **Hard copy of the bid documents** must be submitted to Sub Regional Hospital-Dadeldhura office within **7 days** of the date of opening.
8. All the bids received by the due date of bid submission shall be opened at the same day (last day of bid submission) at **14:00 Hours** at the Sub Regional Hospital, Dadeldhura, Nepal premise in the presence of bidders or their authorized representatives who choose to attend in person.
9. Bids must be valid for a period of **90 days** counting from the day of bid opening and must be accompanied by bid security not less than the amount **NRs. 6,66,950.00** (Six lakh Sixty six thousand nine hundred fifty rupees only) as mention in the table. The bid security must be deposited in **Treasury Controller Office (Ko.Le.Ni.Ka) Dadeldhura Deposit account (DharautiKhata) No 4020203000000 maintained at Rastriay Banijya Bank Dadeldhrua Branch** or equivalent of the same shall be counter guaranteed by any Class A Commercial bank of Nepal, which shall be ***valid for minimum 30 days*** beyond the bid validity period.
10. If the specified date for submission and opening of the bids fall on a government holiday, then the same time of the next working day shall be considered for such events. The bid validity and validity of bid security remains on unchanged unless amended by another notice.
11. Pre-bid meeting shall be held at **19th January, 2018,** at Sub Regional Hospital, Dadeldhura, Nepal at Meeting Hall at **11:00 Hours.**
12. Bidder's qualifications requirements are mentioned in Bid Documents. Failing to comply with such requirements shall disqualify the bidders to be awarded acontract.
13. In the case of discrepancies or error in the bid document, bid notice or any other document, the Sub Regional hospital reserves right to amend and correct at any time.
14. Sub Regional reserves the right to accept or reject all bids wholly or partially or all bids without assigning any reason whatsoever.
15. Particular of the requirements

| S.N. | IFB No | Name of Procurement | Bid Security | Document Fee |
|---|---|---|---|---|
| 1 | SRH/NCB/GOODS/03/074/75 | Procurement of Hospital Equipment (Lab equipment, Endoscopy And Oxygen Generator, Plant and Pipelines) | NRs: 6,66,950/- | NRs : 5000/- (Non refundable) |

Sub Regional Hospital, Dadeldhura Nepal
PhoneNo.: 096-410372, Fax No. 096-420161
Emai: srhdadeldhura@gmail.com



नेपाल सरकार
सिचाई मन्त्रालय
सिचाई विभाग
भूमिगत जल सिंचाई निर्देशनालय
भूमिगत जल सिंचाई विकास डिभिजन
नेपालगंज, बांके

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना (२०७४/०९/१३)

नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा प्रकाशित सूचनाअनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिलको मुल्याङ्कित बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्विकृतिको लागी छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३(पहिलो संसोधन २०७३) को दफा २७(२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैलाई जानकारीको लागी प्रकाशित गरिएको छ ।

**प्रथम पटक प्रकाशित मितिः २०७४/०७/०१**

| सि.नं. | फर्मको नाम | बोलपत्र सूचना नं. | कार्यको नाम | बेलकबोल अंङ्क भ्याट बाहेक |
|---|---|---|---|---|
| १ | राजननिर्माण सेवा, नेपालगंज १६ | ५/०७४-०७५/ **Raniyapur 2DTW/APP** | बितरण प्रणाली निर्माण कार्य | १५,९४,१०८।८२ |
| २ | यादबनिर्माण सेवा, नेपालगंज ६, बांके | ६/०७४-०७५/ **RaniyapurDTW/STMISP** | पम्पहाउस निर्माण, डिप ट्यूबवेल बिधुतिकरण, सबमरसिबल पम्प सप्लाई तथा जडान कार्य | १४,२८,४४१।२९ |
| ३ | राजननिर्माण सेवा, नेपालगंज १६ | ७/०७४-०७५/ **BageshwariDTW/STMISP** | पम्पहाउस निर्माण, डिप ट्यूबवेल बिधुतिकरण, सबमरसिबल पम्प सप्लाई तथा जडान कार्य | १४,४०,५३३।९२ |
| ४ | राजननिर्माण सेवा, नेपालगंज १६ | ८/०७४-०७५/ **SitapurDTW/APP** | पम्पहाउस निर्माण, डिप ट्यूबवेल बिधुतिकरण, सबमरसिबल पम्प सप्लाई तथा जडान कार्य | १४,४७,७६९।०५ |
| ५ | राजननिर्माण सेवा, नेपालगंज १६ | १०/०७४-०७५/ **BadalpurDTW/APP** | पम्पहाउस निर्माण, डिप ट्यूबवेल बिधुतिकरण, सबमरसिबल पम्प सप्लाई तथा जडान कार्य | १,६४३,२५४।१८ |
| ६ | यादबनिर्माण सेवा, नेपालगंज ६, बांके | ११/०७४-०७५/ **RaniyapurDTW/STMISP (2nos)** | २५०मी.मी. X १५०मी.मी. ब्यासको डिप ट्यूबवेल ड्रिलिङ्ग कार्य, कालिका, बर्दिया | २२,०६,४१८।२२ |

**प्रथम पटक प्रकाशित मितिः २०७४/०७/२३**

| सि.नं. | फर्मको नाम | बोलपत्र सूचना नं. | कार्यको नाम | बेलकबोल अंङ्क भ्याट बाहेक |
|---|---|---|---|---|
| १ | राजननिर्माण सेवा, नेपालगंज १६ | **IWRMP-AF/W/GW/073-74/ SanoshreeTaratal DTW/93/2** | पम्प हाउस र ओभरहेड ट्याङ्कनिर्माण, डिप ट्यूबवेल बिधुतिकरण, सबमरसिबल पम्प सप्लाई तथा जडान तथा बितरण प्रणली निर्माण कार्य | २८,८२,५२०।०२ |
| २ | राजननिर्माण सेवा, नेपालगंज १६ | **IWRMP-AF/W/GW/073-74/ SanoshreeTaratal DTW/93/6** | पम्प हाउस र ओभरहेड ट्याङ्कनिर्माण, डिप ट्यूबवेल बिधुतिकरण, सबमरसिबल पम्प सप्लाई तथा जडान तथा बितरण प्रणली निर्माण कार्य | ३४,८१,२५२।४६ |
| ३ | राजननिर्माण सेवा, नेपालगंज १६ | **IWRMP-AF/W/GW/073-74/ SanoshreeTaratal DTW/93/7** | पम्प हाउस र ओभरहेड ट्याङ्कनिर्माण, डिप ट्यूबवेल बिधुतिकरण, सबमरसिबल पम्प सप्लाई तथा जडान तथा बितरण प्रणली निर्माण कार्य | ३३,७०,०५६।७४ |
| ४ | राजननिर्माण सेवा, नेपालगंज १६ | **IWRMP-AF/W/GW/073-74/ SanoshreeTaratal DTW/93/8** | पम्प हाउस र ओभरहेड ट्याङ्कनिर्माण, डिप ट्यूबवेल बिधुतिकरण, सबमरसिबल पम्प सप्लाई तथा जडान तथा बितरण प्रणली निर्माण कार्य | ३४,०४,०५१।१० |

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'विजयकुमार गच्छदारले सत्ता र शक्तिको आडमा प्रशासनलाई आफ्नो हातमा लिएर धाँधली गर्दै निर्वाचन जित्नुभयो। मलाई सर्वोच्चले न्याय गरेन भने म अन्तर्राष्ट्रिय अदालत जान्छु। त्यसका लागि साथीहरूसँग सल्लाह भइरहेको छ।'

# 'सर्वोच्चले न्याय नदिए अन्तर्राष्ट्रिय अदालत जान्छु'

प्रशान्त वली, काठमाडौं

सुनसरी-३ बाट प्रतिनिधिसभा निर्वाचनमा पराजय बेहोरेकी भगवती चौधरीले सर्वोच्च अदालतले न्याय नगरे आफू अन्तर्राष्ट्रिय अदालत धाउने बताउनुभएको छ। प्रतिनिधिसभा सदस्यका लागि वाम गठबन्धनबाट उम्मेदवार भएकी चौधरीले मत परिणाम बदर गरी पुन: मतगणनाको मागसहित सर्वोच्च अदालतको संवैधानिक इजलासमा मुद्दा दर्ता गराउनुभएको छ।

उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'विजयकुमार गच्छदारले सत्ता र शक्तिको आडमा प्रशासनलाई आफ्नो हातमा लिएर धाँधली गर्दै निर्वाचन जित्नुभयो। मलाई सर्वोच्चले न्याय गरेन भने म अन्तर्राष्ट्रिय अदालत जान्छु। त्यसका लागि साथीहरूसँग सल्लाह भइरहेको छ।'

सुनसरी-३ बाट विजयी नेपाली कांग्रेसका विजयकुमार गच्छदार, निर्वाचन आयोग केन्द्रीय कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय सुनसरी, सुनसरी-३ का निर्वाचन अधिकृतलाई विपक्षी बनाई चौधरीले मुद्दा दर्ता गराएको सर्वोच्चका प्रवक्ता नारायण पन्थीले जानकारी दिनुभयो। शुक्रबार दायर रिटको सुनुवाइ मिति तोकिने आफूलाई अदालतले बताएको चौधरीले जानकारी दिनुभयो।

चौधरीले विपक्षी गच्छदारलाई प्रतिनिधिसभा सदस्यको शपथ नगराउनु, संघीय संसद्को पदधारण गरी कामकाज गर्न नदिनु, निर्वाचनसँग सम्बन्धित मतपत्रलगायतका सम्पूर्ण कागजात सुरक्षित राख्नु भन्दै सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली २०७२ को नियम १९ को उपनियम ४ बमोजिम आदेश जारी गर्न माग गर्नुभएको छ।

गत मंसिर २१ गते भएको निर्वाचनमा सुनसरी क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका उम्मेदवार उपप्रधानमन्त्री विजयकुमार गच्छदार ३ सय २१ मतले विजयी हुनुभएको थियो।

## तीन...

विभाजित तीनवटै राप्रपा विभिन्न गठबन्धन गरी निर्वाचनमा गए पनि अपेक्षित नजिता ल्याउन नसकेपछि पुन: पार्टी एकीकरण गरी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न असन्तुष्ट पक्षले प्रयास गरिरहेका छन्। राप्रपा (प्रजातान्त्रिक)का सहमहामन्त्री सुरेश आचार्यले *नेपाल समाचारपत्र*लाई जानकारी दिएअनुसार पुस मसान्तभित्र पार्टी एकीकरण गरी कार्यकारी नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्ने प्रक्रिया अघि नबढे सातै प्रदेशमा असन्तुष्ट पक्षहरूको भेला आयोजना गरी अर्को पार्टी गठन गर्ने वा अन्य पार्टीमा प्रवेश गर्ने भन्ने निर्णय हुनेछ। तीनवटै राप्रपाका असन्तुष्ट पक्षले अन्य पार्टी प्रवेश गर्दा नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र वा विवेकशील साझा पार्टीमध्ये रोज्ने बताएका छन्।

तीनवटै राप्रपा एकीकरण गरी पार्टीको नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्छ भन्ने पक्षमा थापा नेतृत्वको राप्रपाभित्र नेताहरू महामन्त्री राजेन्द्र लिङदेन, धवल शमशेर राणा, जयन्त चन्द, लक्ष्मीप्रसाद संग्रौला, रमानन्द न्यौपाने तथा बुद्धिमान तामाङसमेत रहेका छन्।

राणा नेतृत्वको राप्रपा (प्रजातान्त्रिक)भित्र पार्टी एकीकरण गरी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने पक्षमा नेताहरू सुनीलबहादुर थापा, रामकुमार सुब्बा, विक्रम पाण्डे, राजाराम श्रेष्ठ, सुरेश आचार्य, केशरबहादुर विष्ट, हरिबहादुर बस्नेतलगायत नेताहरू छन्। लोहनी नेतृत्वका राप्रपा (राष्ट्रवादी)मा स्वयं अध्यक्ष लोहनी नै नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्ने पक्षमा रहेको बताइएको छ। साथै नेताहरू तारा लुइँटेल, श्याम केसी, रामु राई पनि तीन पार्टी एकीकरण गरी नेतृत्व नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने पक्षमा छन्।

## सरकार...

भेटमा ओली र प्रचण्डबीच पार्टी एकतालाई प्रभावित पार्ने गरी दुवै पार्टीका नेताहरूबाट आएको अभिव्यक्तिको बारेमा समेत समीक्षा भएको थियो। कात्तिक १७ गते भएको चुनावी तालमेलसँगै पार्टी एकता गर्ने ६ बुँदे सहमतिमा पार्टी एकतालाई असर गर्ने कुनै पनि अभिव्यक्ति नदिने सहमति भएको थियो।

प्रचण्डका प्रेस संयोजक मनहरि तिम्सिनाले दुई अध्यक्षबीच पार्टी एकता, सरकार गठन, राष्ट्रियसभा अध्यादेशलगायतका विषयमा गम्भीर रूपमा छलफल भएको जानकारी दिनुभयो। जनताले नयाँ जनादेश दिएको परिस्थितिमा वर्तमान सरकारले नयाँ सरकार गठनको मार्ग प्रशस्त गर्नुपर्नेमा छलफल भएको उल्लेख गर्दै उहाँले निर्वाचन आयोगले पनि नयाँ सरकार गठनका विषयमा वातावरण सहज बनाउनुपर्ने जोड दिएको बताउनुभयो। 'दुई अध्यक्षबीच राजनीतिक वातावरण सहज बनाएर पार्टी एकतालाई अघि बढाउने समझदारी भएको छ।' -तिम्सिनाले भन्नुभयो।

## बेपत्तालाई...

श्रीमान्को 'लास कि सास' माग्दै आन्दोलन गरिरहेकी श्रीमती खेनुमाया पाठक यतिबेला स्तब्ध बन्नुभएको छ। 'मृतकमा सूचीकृत गरिएको हो भने आयोगले हामीलाई कसले, कहाँ लगेर मारेको हो, लास देखाउनुपर्‍यो।' -श्रीमती पाठकले भन्नुभयो।

न्यायका लागि द्वन्द्वपीडित समाज, बाँकेकी अध्यक्ष चन्द्रकला उप्रेतीले वनकटवामा ३, कोहलपुरमा १ र राप्तीपारीका २ जना बेपत्ताको घरमा आयोगले मृतक सूचीकृत गरेको पत्र आएको जानकारी दिनुभयो।

आयोगले 'इन्सेकको द्वन्द्वपीडित पार्श्वचित्र'लाई आधार मानेर बेपत्तालाई मृतकको सूचीमा राखेको छ। आयोगका शाखा अधिकृत भीमराज गौलीले हस्ताक्षर गरेको पत्र पीडितको घरमा आइपुगेको छ।

बेपत्ता छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोगले तीन वर्षमा खासै काम गर्न नसकेको भन्दै पीडितले आक्रोस पोखिरहेका बेलामा एक्कासि यस्तो पत्रमा घरमा आउँदा पीडितहरूले 'लास देखाउन' चेतावनी दिएका छन्। 'त्यसै मरेको भन्न पाइन्छ? आयोगले लास देखाउनुपर्छ', न्यायका लागि द्वन्द्वपीडित समाज बाँकेकी अध्यक्ष उप्रेतीले भन्नुभयो- 'के, कति कारणबाट कहिले, कसले मारेको हो, आयोगले जवाफ दिनुपर्छ।'

सरकारले शान्ति समिति गठन गर्नुअघि जिल्ला प्रशासन कार्यालयबाट राहत दिन शुरुआत गर्दा केही बेपत्ता परिवारले मृतकको फाराम भरेका थिए। 'मृतक' नभन्दा राहत नपाउने अवस्थामा त्यस्तो गरिएको थियो। यसलाई पनि आयोगले आधार मानेको देखिन्छ। मृतक भनेर सूचीकृत गरिएका अधिकांशले शुरुआती चरणमा राहतका लागि मृतक भनेर फाराम भरेको बुझिएको छ।

# तारकेश्वरका महिला समूहलाई सहयोग

काठमाडौं, (नेस)

नुवाकोटको तारकेश्वर गाउँपालिकाका महिला तथा आमा समूहमा आबद्धहरूको आर्थिक सशक्तीकरणका लागि २७ लाख रुपियाँ सहयोग प्रदान गरिएको छ।

केटाकेटी अर्गनाइजेसन जर्मनकी अध्यक्ष एनली सोफिया रेकरलेको सहयोगमा गन्तव्य नेपाल ग्रुपका अध्यक्ष एवम् समाजसेवी शिव अधिकारी र महिला तथा बालबालिकाका लागि सामाजिक सुरक्षा संस्थाका संस्थापक सल्लाहकार एवम् समाजसेवी राजेश रेग्मीको नेतृत्वमा सोमबार चन्दनीमा आयोजित एक कार्यक्रमबीच क्रियाशील महिला तथा आमा समूहहरूलाई रकम हस्तान्तरण गरिएको थियो।

